विदेशमा रहेका युवालाई स्वदेशमै अवसर सृजना गर्न... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक १२९ • २०८१ साल आश्विन ९ गते बुधबार (25 September, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-



## आज जितिया पर्व समापन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकपर्व जितिया अन्तर्गत मंगलबार बिहान ४ बजेदेखि ३६ घण्टासम्म बस्ने निर्जल र निराहार उपवासको बुधबार साँझमा समापन हुनेछ ।

सन्तानको दीर्घजीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुखशान्तिका लागि मनाइने लोक पर्व जितिया नहाय खाय गर्दै सोमबारदेखि सो पर्व सुरु भएको थियो । धार्मिक विधिअनुसार मंगलबार बिहान ४ बजेदेखि बुधबार साँझ ५ बजेसम्म ब्रतीहरु अन्नपानी नखाएर निराहार उपवास बसेकी छन् ।

ब्रत बस्नुअघि सोमबार महिलाहरु नदी, तलाउ, सरोबर, पोखरीमा नुहाएर सोही ठाउँमा घिरौंलाको पातमा भगवान् जिमुतवाहन र आफ्ना दिवंगत पितृलाई चिउरा, दही, अमोट र पिना प्रसादका रुपमा चढाएर परिवारका सबै सदस्यलाई खुवाएर खाइन् ।

ब्रतको पहिलो दिन सोमबार पूजापछि मरुवाको रोटी, नुनीको साग र माछा खाने चलन छ । मंगलबार बिहानै काग कराउनुअघि पहिल्यै ब्रती महिला ओगठन सम्पन्न गर्नुपर्ने हुन्छ । ओँगठनपछि उपवासको क्रम सुरु हुने भन्दै यसलाई पर्वको मुख्य अंश र मुख्य जितिया भन्ने गरिन्छ ।

## मधेश प्रदेशमा गठबन्धन परिवर्तन हुने

# जनमत संघीय गठबन्धनविरुद्ध देखिए, जसपा नेपाल समर्थनमा

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमाले र नेपाली कांग्रेसको सत्ता गठबन्धनविरुद्ध देखिएपछि जनता समाजवादी पार्टी (नेपाल)ले सरकारको पक्षमा सशक्त रुपमा उभिएको छ ।

सहकारीको रकम अपचलनमा जसपा नेपालले रवि लामिछाने सहितका दोषीहरुलाई कारबाहीको प्रक्रिया अगाडि बढाएको सरकारलाई समर्थन गरेको छ । तर जनमत पार्टीले सहकारी लगायत गिरिबन्धु टी , भुटानी शरणार्थी, ओम्नी लगायतका प्रकरणहरुको पनि छानबिन गर्नुपर्ने बताइरहेको छ । सरकारले पूर्वाग्रही भएर लामिछानेमाथि मात्र कारबाही गर्न नहुने जनमत पार्टीको धारणा छ ।

सरकारको कडा आलोचना गर्दै जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले संविधान संशोधनमा थ्रेसहोल्ड बढाएर साना दलहरुलाई सिध्याउन खोजेको आरोप लगाएका छन् ।

जनमत पार्टीले भ्रष्टाचारजन्य अपराधमा कसैको समर्थन नगर्ने बताउँदै प्रवक्ता शरद यादवले भने तर कुनै दलका नेता अथवा व्यक्ति केन्द्रित हुनु हुँदैन । 'सहकारीको नाममा सरकारले लामिछानेलाई कारवाही गर्दा ओम्नी, गिरिबन्धु टी, भुटानी शरणार्थी लगायतका विषयहरुमा कसैलाई उन्मुक्ति दिन हुँदैन ।

'जनमत पार्टी संघीय गठबन्धनमा रहे नरहेको अन्योलमा नै हामी छौँ 'उनले भने, सत्ता गठबन्धन रहेको दललाई महत्वपूर्ण बैठकहरुमा समेत जानकारी गराइदैन । एमाले र कांग्रेसको समर्थनमा मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वको सरकार रहेकाले संघीय सरकारको असर प्रदेश सरकारमा पर्ने उनले बताए ।

प्रदेश सरकारमा अपेक्षाकृत जनसहानुभूपति प्राप्त गर्ने सम्भावना कमजोर हुँदै गएपछि सरकारबाट अलगिने निहुँ खोजिरहेको मधेश प्रदेश गठबन्धन दलका नेताहरुले बताउन थालेका छन् । प्रदेशमा कांग्रेससितको सहमति कार्यान्वयन नगरिएको र मन्त्रालयहरुमा हस्तक्षेप मुख्यमन्त्रीले गर्न थालेको आरोप कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले लगाएका छन् ।

ठूला दलहरु एमाले र कांग्रेससित जनमतले दुरी बढाउन थालेको बेला जसपा नेपालले निकट बढाउने प्रयासमा छ । सहकारी प्रकरणमा संसदीय समितिले सिफारिस गरे अनुसारको प्रक्रिया सरकारले अगाडि बढाउँदा जसपा नेपालले समर्थन गरेको छ । सहकारीमा सर्वसाधारणको बचत अपचलन गरिएकोले दोषी सबैलाई सरकारले कारबाही गर्नुपर्ने प्रवक्ता मनिष सुमनले बताए ।

'संसदीय छानबिन समितिले लामिछानेलाई दोषी ठहर गरेको छ' उनले भने, सरकारले कारबाहीलाई अगाडि बढाउनु पर्छ । कारबाहीबाट जोगिन लामिछानेले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'र राप्रपा, जनमत, जसपा नेपाल लगायतका दलहरुको साथ खोजिरहेका छन् ।

तर जसपा नेपालले लामिछानेको प्रकरणमा समेत सरकारको साथमा रहने प्रष्ट गरेको छ । 'हामीले सरकारलाई दिएको समर्थन कायमै छ' उनले भने, सत्ता साझेदार नभए पनि हामी सरकारलाई दिएको समर्थन फिर्ता लिएको अवस्था छैन ।

विपक्षी दलहरुले सरकारलाई घेराबन्दी गर्ने तयारी गरिरहेको छ । तर जसपा नेपालले विपक्षीहरुको भन्दा सत्तापक्षलाई काँध थापेको छ । अप्ठ्यारो स्थितिमा सरकारलाई साथ दिएर जसपा नेपालले मधेश प्रदेशमा सत्ताको नेतृत्व गर्ने विश्वासिलो वातावरण बनाउन चाहेको छ ।

> मधेश प्रदेशमा सिंह नेतृत्वको सरकारले १ सय दिन पुरा गरेको छ । तर सरकारले सय दिनमा भाषण गर्ने बाहेक जनताले सरकार परिवर्तन भएको अनुभुति गर्न सकेको छैन । सरकारले उपलब्धिमुलक कार्य नगरेको, आफूखुशी राज्यमन्त्री नियुक्त गरेको, संसदीय विकास कोषमा घुमाउरो ढंगले बजेट उपलब्ध गराएको विषयमा जनमत पार्टीले मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोधेको थियो ।

तर प्रवक्ता सुमनले सत्ताका लागि जसपा नेपालले मात्र राजनीति नगरेको बताउँदै मधेश प्रदेशमा सरकारको नेतृत्व लिनका लागि संघीय सरकारलाई समर्थन नगरेको बताए । 'हामी आलोकाँचो राजनीति गर्दनौँ' उनले भने, जसपा नेपाल परिपक्व दल बनिसकेकाले हरेक निर्णय परिपक्व गर्नेछ । जनमत पार्टीका अध्यक्ष डा.सी.के राउतको पारिवारिक विवाद सुल्झाउन सुझाव दिँदै उनले घर भित्रको समस्यालाई पारिवारिक रुपमा सुल्झाउन राम्रो हुने बताए ।

जनमत पार्टी र जसपा नेपालले एक अर्कालाई प्रतिद्वन्दीको रुपमा लिने गरेको छ । जनमत पार्टीका अध्यक्ष राउतले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट पराजित आमनिर्वाचनमा पराजित गरेको हो ।

संघीय गठबन्धनमा जसपा नेपाल कांग्रेस पार्टीसित नजिक रहेको छ ।जनमत पार्टीको एमालेसित निकटता छ । त्यो मधेश प्रदेश सरकारमा पनि प्रतिबिम्बित भइरहेको छ । प्रदेश सरकारका मुख्यमन्त्रीको हस्तक्षेपकारी भूमिकाको कांग्रेसले बिरोध गरिरहेको छ । एमाले भने मुख्यमन्त्री सतीश कुमार सिंहप्रति बढी नै सकारात्मक रहेको बताइन्छ ।

मधेश प्रदेशमा सिंह नेतृत्वको सरकारले १ सय दिन पुरा गरेको छ । तर सरकारले सय दिनमा भाषण गर्ने बाहेक जनताले सरकार परिवर्तन भएको अनुभुति गर्न सकेको छैन । सरकारले उपलब्धिमुलक कार्य नगरेको, आफूखुशी राज्यमन्त्री नियुक्त गरेको, संसदीय विकास कोषमा घुमाउरो ढंगले बजेट उपलब्ध गराएको विषयमा जनमत पार्टीले मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोधेको थियो ।

स्रोतहरुका अनुसार दशैं लगतै सरकार परिवर्तन हुन सक्ने बलियो सम्भावना छ । तर सरकार मधेशवादी दलकै नेतृत्वमा बन्ने भएकाले लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालको संसदीय दलमा उथलपुथल भएको छ ।






# प्रधानाध्यापक सरुवाको विरोधमा विद्यार्थीद्वारा तोडफोड

टुडे समाचारदाता

रौतहट । प्रधानाध्यापक सरुवाकोविषयलाईलिएररौतहटको देबाहीगोनाही नगरपालिका कार्यालयमा विद्यार्थीहरुले तोडफोड गरेका छन् ।

मेयर प्रेमलाल साहले मनोमानी ढंगले प्रधानाध्यापकको सरुवा गरेको आरोप लगाउँदै मंगलबार आन्दोलनमा उत्रिएका विद्यार्थीहरुले नगर कार्यालयमा ढुंगा प्रहार गरेका छन् । विद्यार्थीको ढुंगा प्रहारबाट नगरपालिकाको झ्यालको सिसा र केही सवारी साधनमा क्षति पुगेको छ ।

अवस्थालाई भड्किन नदिन नगरपालिका कार्यालय परिसरमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । विद्यार्थीले नाराजुलुससमेत प्रदर्शन गरे ।

देवाही गोनाही-९ धरहरीस्थित श्रीजयकिसान माविका प्रधानाध्यापक संजयप्रसाद गुप्ताको सरुवाको



विषयलाई लिएर स्थानीय विद्यार्थीले विरोध गरेका छन् । करिब २ सयको संख्यामा विद्यार्थीहरु नगरपालिका कार्यालयको गेट अगाडि भेला भइ नाराजुलुस प्रदर्शन गरेका थिए ।

प्रधानाध्यापक सरुवाकै विषयमा नगरपालिकाभित्र छलफल चलिरहेको बेला विद्यार्थीले चर्को नारावाजीसमेत गरेका थिए । प्रधानाध्यापक गुप्तालाई सोही नगरपालिकास्थित सरस्वती मावि सरुवा गर्न लागेको विरोधमा विद्यार्थीहरु आन्दोलित भएका छन् ।

रौतहटका सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक बिक्रम हुमागाईंले प्रधानाध्यापकको सरुवाको विषयलाई लिएर विद्यार्थीको जत्थाले नगरपालिकाको गेट बाहिर नाराजुलुस र ढुंगामुढा गरेको आरोप लगाउँदै त्यसपछि स्थिति तनाव भएको बताए । विद्यार्थी आन्दोलनपछि नगरशिक्षा समितिको बैठकसमेत स्थगित भएको छ । मेयर साहले समितिको बैठक राखेर प्रधानाध्यापकको विषयमा छलफल गर्न खोजेका थिए ।

# सत्ताको दुरुपयोगले असहज स्थिति आउन सक्ने चेतावनी

टुडे समाचारदाता

वीरगञ्ज । राष्ट्रीय स्वतन्त्र पार्टी (रास्वपा) ले पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सानुबाबु अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।

रास्वपाका सभापति लामिछनेलाई राजनीतिक प्रतिशोधका आधारमा धरपकड गर्न खोजिएको विरोधमा ज्ञापनपत्र बुझाइएको रास्वपा पर्साका अध्यक्ष हरि पन्तले बताए ।

सहकारी ठगी प्रकरण छानबिन गर्न बनेको उच्चस्तरीय संसदीय छानबिन समितिको प्रतिवेदनको खिलाफ हुने गरी आफ्ना सभापतिलाई पक्राउ गर्न खोजिएकोले प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन ज्ञापनपत्र बुझाएको छ ।

रास्वपा पर्साका संयोजक पन्त नेतृत्वको टोलीले मंगलबार जिल्ला प्रशासन कार्यालयमा पर्सामा ज्ञापन बुझाउँदै सरकारको कदमविरुद्ध सचेत गराएको छ । सो टोलीले पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछाने निर्दोष छन्, राजनीतिक प्रतिशोध साध्न पाइँदैन, सहकारी पीडितहरुको ८७ अर्ब रुपैंया फिर्ता गर, ८७ अर्ब ठग्ने असली सहकारी ठगहरुलाई कारबाही गर, सहकारी पीडितहरुको रकम फिर्ता गर लगायतका



प्लेकार्ड लिई नारावाजीसमेत गरे ।

रास्वपा पर्सा जिल्ला सभापति पन्तको नेतृत्वमा आदर्शनगरबाट निस्केको जुलुश जिल्ला प्रशासन कार्यालयमा ज्ञापन बुझाई माइस्थानमा गएर कोण सभामा परिणत भएको थियो । सो कोणसभामा बोल्दै जिल्ला सभापति पन्तले सरकारलाई दुई तिहाईको दम्भ नदेखाउन खबरदारी गरे । उनले सरकार यही बाटोबाट अगाडि बढे नेपाली जनताले श्रीलंका र बाङ्लादेश भैँ ०८४ अघि नै सत्ता कब्जा गर्ने बताए ।

सत्ताको दुरुपयोग गर्दै ऐन कानुन मिचेर प्रतिशोध साधिए त्यसबाट उत्पन्न हुने सम्पूर्ण असहज परिस्थितिको जिम्मेवार सरकार हुने चेतावनी समेत उनले दिए । उनले सत्ता स्थायी नहुने र नेपाली जनताले सबै गतिविधि नजिकबाट नियालिरहेकोले यसको हिसाब किताब पनि चाडै गर्ने बताए ।

# हिरासतबाट फरार भएका सबै थुनुवा पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासत कक्षको भेन्टिलेसन काटेर फरार भएका सबै जना पक्राउ परेका छन् । सोमबार बिहान ३ बजेतर्फ हिरासत कक्षको भेन्टिलेसन काटेर ९ जना थुनुवा फरार भएका थिए ।

थुनुवा कोठाबाट फरार भएका सबै जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रञ्जन अवाले जानकारी दिए । उनका अनुसार पक्राउ पर्नेहरुमा लागूऔषध मुद्दाका अभियुक्त धनुषाको विदेह नगरपालिका- ७ का रोशनकुमार मण्डल, सोही ठाउँका रञ्जित मण्डल, सिरहाको सिरहा नगरपालिका- १३ का अभाष्करकुमार यादव, जनकपुरधाम उपमहानरपालिका- २० का अमितकुमार झा र औरही गाउँपालिका- २ का विशाल मुखिया रहेका छन् ।

त्यस्तै अभद्र व्यवहार मुद्दाका अभियुक्त जनकपुरधाम- ४ का बिक्की कार्की, जनकपुरधाम- १ का सुमित मेस्तर, धनुषाको



नगराइन नगरपालिका- २ का मनिष मण्डल र महोत्तरीको जलेश्वर नगरपालिका- ५ का सत्यम झा रहेका छन् । उनीहरुलाई धनुषा जिल्लाको विभिन्न स्थानबाट पक्राउ गरिएको प्रवक्ता आवेले बताए ।

एकैसाथ ९ जना थुनुवा हिरासतबाट फरार भएपछि घटना सम्बन्धमा अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय धनुषाले प्रहरी नायव उपरीक्षक रञ्जन आवेको संयोजकत्वमा पाँच सदस्य छानबिन समिति बनाइएको छ । त्यसैगरी मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले वरिष्ठ प्रहरी उपरीक्षक सुरेन्द्र गुरुङको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता दिपक भारतीले बताए अनुसार छानबिन समितिलाई १५ दिनभित्र अनुसन्धान प्रतिवेदन बुझाउन समय दिएको छ ।

थुनुवाहरुले फलाम काट्ने ह्याक्सो ब्लेडले हिरासत कक्षको भेन्टिलेसन काटेर फरार भएको प्रवक्ता भारतीले बताए । जिल्ला प्रहरी कार्यालय धनुषामा महिलाका लागि एक हिरासतसहित तीन वटा हिरासत कक्ष छन् । थुनुवा कक्षको सुरक्षाका लागि पाँच जना प्रहरीलाई २४औं घण्टा नै ड्युटीमा रहने गरेको छ ।

# चाडपर्व लक्षित विशेष सुरक्षा योजना बनाई लागू गर्न निर्देशन

काठमाण्डु । निमित्त प्रहरी महानिरीक्षक टेकप्रसाद राईले चाडपर्व लक्षित विशेष सुरक्षा योजना बनाई कार्यान्वयन गर्न निर्देशन दिनुभएको छ । नेपाल प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यमद्वारा मंगलबार सातवटै प्रदेश प्रहरी कार्यालयका प्रमुखलाई उहाँले यस्तो निर्देशन दिनुभएको हो ।

निमित्त प्रहरी महानिरीक्षक राईले आपराधिक क्रियाकलाप हुन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन, त्यस्ता गतिविधिको सूचना सङ्कलन तथा विश्लेषण गरी प्रभावकारी रूपमा प्रहरी परिचालन गर्न पनि निर्देशन दिनुभयो । उहाँले चाडपर्वको समयमा सवारी दुर्घटना न्यूनीकरणको लागि सरोकार भएका सबै पक्षसँग समन्वय र सहकार्य गर्न आग्रह गर्नुभयो । "चाडपर्व लक्षित चेतनामूलक कार्यक्रम सञ्चालन



गर्न र आ-आफ्नो क्षेत्रमा तस्करी नियन्त्रणका लागि थप सक्रिय भई काम गर्नुस् । नागरिक सेवा चुस्त बनाउँदै प्रहरीप्रति थप भरोसा र विश्वास बढाउने गरी केन्द्रित हुन आवश्यक छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक रामदत्त जोशीले अपराध नियन्त्रण एवम् प्रभावकारी सुरक्षा व्यवस्थाको लागि गर्नुपर्ने कार्यलगायत समसामयिक विषयमा निर्देशन दिनुभएको थियो ।रासस

# यसपटकको चाडपर्वमा १८ लाख मानिस उपत्यकाबाट बाहिरिने अनुमान

काठमाण्डु । यस वर्षको चाडपर्वमा १५ देखि १८ लाख मानिस उपत्यकाबाट बाहिरिने अनुमान गरिएको छ । यो संख्या गत वर्षको तुलनामा पाँच लाखले बढी हो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यलयका प्रवक्ता विश्वराज खड्काले मौसम राम्रो भएमा १८ लाखको हाराहारीमा मानिसहरू उपत्यकाबाट बाहिरिने सम्भावना रहेको बताउनुभयो । उहाँका अनुसार अघिल्लो वर्ष १३ लाखको संख्यामा सर्वसाधराणहरू उपत्यकाबाट बाहिरिएका थिए । प्रवक्ता खड्काले भन्नुभयो, "यो वर्षको दशैंमा वर्षा भएन भने गत वर्षको तुलनामा



पाँच लाख बढी सर्वसाधारणहरूले उपत्यका छाड्ने अनुमान गरिएको छ ।"

चाडपर्वका बेलामा आवतजावत गर्नेको चाप बढ्दा दुर्घटना पनि बढ्नसक्ने भएकाले सो विषयमा सरोकारवालाहरूसँग छलफल भइरहेको उहाँले बताउनुभयो । प्रवक्ता खड्काले भन्नुभयो, "सडक राम्रो नहुनु, सावारी साधनको बढी चाप हुनु, क्षमताभन्दा बढी यात्रु बोक्नु, हतारहतार गरेर यात्रु ओसारपोसार गर्नु, बिग्रिएका सवारी साधनहरू पनि सञ्चालन गर्नुलगायतका कारण चाडपर्वमा बढी दुर्घटना हुने गरेको छ । त्यसलाई न्यूनीकरण गर्ने विषयमा सम्बन्धित निकायसँग छलफल भइरहेको छ ।"

खड्काकाअनुसार सम्भावित दुर्घटनाका विषयमा उपत्यकाका तीनै जिल्लाको सहकार्यमा एकीकृत सुरक्षा योजना तर्जुमा भइरहेको छ । दशैंमा सजकतापूर्वक जाँच गरेर कडाइका साथ नियम पालना गराउन आफूहरू लागिपर्ने उहाँले बताउनुभयो । प्रवक्ता खड्काले चाडवाडका बेलामा सवारी चालक एवं सहचालकलाई अझ बढी होसीयारी पुऱ्याउन र यात्रुलाई पनि सजगरहन आग्रहसमेत गर्नुभयो ।रासस

# त्रिविविद्वारा एआई प्रयोगमा प्रतिबन्ध

काठमाण्डु । त्रिभुवन विश्वविद्यालय (त्रिविवि)ले विश्वविद्यालयद्वारा सञ्चालित जुनसुकै तहको परीक्षामा 'आर्टीफिसियल इन्टेलिजेन्स' (एआई)को प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुने जनाएको छ । त्रिविवि परीक्षा सुधार समितिका अध्यक्ष एवं शिक्षाध्यक्ष प्राडा खड्क केसीको अध्यक्षतामा सोमबार भएको बैठककाले सो निर्णय गरेको हो ।

त्रिविविका शिक्षाध्यक्ष केसी प्रविधिको भर पर्दा विद्यार्थीमा पठन संस्कृति कमजोर हुने तथा चोर्ने प्रवृत्ति देखिएकाले परीक्षामा त्यस्ता प्रविधिको प्रयोगमा निरुत्साहित गर्ने उद्देश्यका साथ विद्यार्थीलाई सूचित गरिएको बताउनुहुन्छ । एआईका कारण विद्यार्थीको मौलिकता र सिर्जनाशीलता कमजोर हुँदै गएको तथा पढ्ने संस्कृतिलाई निरुत्साहित गरेको त्रिविको बुझाइ छ ।

"विद्यार्थीमा पढ्ने संस्कृति कमजोर भयो, परीक्षामा पढ्ने नभई चोर्ने प्रवृत्ति बढेको, पठनपाठन गर्ने विषयलाई प्रोत्साहित तथा प्रविधिको दुरुपयोगलाई दुरुत्साहित गर्ने उद्देश्यले



विद्यार्थीलाई सचेत गराउने ढङ्गबाट सूचना जारी गरिएको हो", उहाँले भन्नुभयो ।त्रिविविका परीक्षा मोबाइल, स्मार्टवाचलगायत विद्युतीय सामग्रीको प्रयोगमा पूर्णतः रोक लगाइएको भए पनि कतिपय परीक्षा केन्द्रमा परीक्षार्थीले प्रविधिको प्रयोग गरी चोरी गर्ने गरेको सूचना पाइएकाले विद्यार्थीलाई सचेत गराइएको शिक्षाध्यक्ष केसीले राससलाई बताउनुभयो । यसैबीच, विश्वविद्यालयले मानविकी तथा सामाजिक शास्त्र, शिक्षा, व्यवस्थापन, कानुन सङ्काय र विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गतका विद्यार्थीका हकमा वार्षिक प्रणालीअन्तर्गत २०५८ देखि र सेमेस्टर प्रणालीअन्तर्गत २०६९ देखिका समयसीमा पार गरेका परीक्षार्थीलाई एक पटकका लागि मौका परीक्षाको अवसर दिइएको जनाएको छ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जितीया पर्वअन्तर्गत महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-१ मा अवस्थित **जलेश्वरनाथ महादेव मन्दिरमा** ब्रतालु महिलाहरू पण्डित लगाएर जितुमाहन भगवानको कथा सुन्दै। *तस्बिरः रासस*

# सुक्खाबन्दरगाह भन्सारमा लक्ष्यअनुसार राजस्व सङ्कलन भएन

वीरगञ्ज । सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को भदौसम्ममा रु आठ अर्ब ३९ करोड ४१ लाख १२ हजार राजस्व सङ्कलन गरेको छ।

भन्सार विभागले कार्यालयलाई भदौसम्म रु नौ अर्ब ९७ करोड ७९ लाख ६९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। तर भदौसम्मको लक्ष्य पछ्याउन भने सकेन । कार्यालयले चालु आवको साउनमा रु तीन अर्ब ७५ करोड २२ लाख ११ हजार सङ्कलन गर्यो भने चालु आवकै भदौमा भने रु चार अर्ब ६४ करोड १९ लाख एक हजार राजस्व सङ्कलन गरेको छ।

सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनवहादुर बरुवालले चालु आवको दुई महिनामा राजस्व सङ्कलन उत्साहप्रद रहेको बताउनुभयो । "भन्सार विभागले दिएको लक्ष्यको साउनमा ७९ दशमलव २८ प्रतिशत राजस्व सङ्कलन भयो भने भदौमा पनि मासिक लक्ष्यको ८८ दशमलव ५० प्रतिशत राजस्व सङ्कलन गरेका छौँ", उहाँले भन्नुभयो, "भदौमा चाडपर्व लक्षित आयात भएर लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्ने अपेक्षा भए पनि शतप्रतिशत सङ्कलन हुन भने सकेन।"




भन्सार विभागले कार्यालयलाई रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य दिएको छ । कार्यालयले चालु आवको दुई महिनासम्मको अवधिसम्म कुल वार्षिक लक्ष्यको १३ दशमलव ९८ प्रतिशत राजस्व सङ्कलन गरेको छ।

प्रमुख भन्सार अधिकृत बरुवालले दशैँ र तिहारजस्ता चाडपर्व नजिकै आउन लागेकाले पनि विदेशी तयारी मदिराजन्य आयात बढेको बताउनुभयो । कार्यालयले आव २०८०/८१ को भदौसम्ममा भने रु आठ अर्ब ६५ करोड २० लाख ५९ हजार राजस्व सङ्कलन गरेको थियो। त्यस्तै आव २०७९/८० को भदौसम्ममा रु सात अर्ब ६० लाख २२ लाख ३४ हजार राजस्व सङ्कलन गरेको थियो ।रासस

# ठोरी गाउँपालिकामा नयाँ कुष्ठरोगी भेटिएन

वीरगञ्ज । जिल्लामा आर्थिक वर्ष २०८०/८१ मा एक सय १० जना नयाँ कुष्ठरोगी देखापरेका छन्। स्वास्थ्य कार्यालयका अनुसार सो आव जिल्लाका १३ पालिकामा एक सय १० कुष्ठरोगी भेटिएका हुन्।

स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले पर्सामा ६५ पुरुष र ४५ महिलामा कुष्ठरोगी भेटिएको जानकारी दिनुभयो । "पर्साको १४ पालिकामध्ये तीन वर्षदेखि ठोरी गाउँपालिकामा एउटा पनि कुष्ठरोगीका बिरामी भेटिएको छैनन", उहाँले भन्नुभयो, "अन्य पालिकामा भने छिटफुट रूपमा कुष्ठरोगी छन् ।"वीरगञ्ज महानगरपालिकामा सबैभन्दा धेरै ४१ कुष्ठरोगी भेटिएका छन्। त्यस्तै दोस्रो धेरै कुष्ठरोगी भेटिने पालिकामा जगरनाथपुर गाउँपालिका रहेको छ। सो पालिकामा १५ जनामा देखिएको छ।

> कार्यालयका अनुसार जिल्लामा आव २०८०/८१ मा नयाँ कुष्ठरोगी बिरामी पत्ता लाग्ने दर प्रतिएक लाखमा १६ दशमलव तीन जना रहेका छन् ।




यसैगरी विन्ध्वासिनी गाउँपालिकामा १२ जना, छिपरमाई गाउँपालिकामा ९ जनामा कुष्ठरोग देखिएको छ।

कार्यालयका अनुसार जिल्लामा आव २०८०/८१ मा नयाँ कुष्ठरोगी बिरामी पत्ता लाग्ने दर प्रतिएक लाखमा १६ दशमलव तीन जना रहेका छन्। त्यस्तै आव २०८०/८१ मा नै कुष्ठरोगको प्रिवालेंस दर प्रति १० लाखमा एक दशमलव छ जना रहेको छ । आव २०७९/८० मा नयाँ कुष्ठरोगी बिरामी पत्ता लाग्ने प्रतिएक लाख जनामा १७ दशमलव एक जना छन् ।

त्यसैगरी आव २०७९/८० मा कुष्ठरोगको प्रिवालेंस दर प्रति १० लाखमा एक दशमलव ७४ जना रहेका छन्। स्वास्थ्य कार्यालय प्रमुख डा साहले कार्यालयले कुष्ठरोग नियन्त्रणका लागि प्रभावकारी ढङ्गले काम गर्दै आइरहेको बताउनुभयो ।रासस

# मिथिलाञ्चलमा निर्जल उपवास सुरु

जलेश्वर । मिथिलाञ्चल क्षेत्रमा मनाइने जितिया पर्वअन्तर्गत मंगलबार बिहान ४ बजेदेखि ३६ घण्टासम्म बस्ने निर्जल र निराहार उपवास सुरु भएको छ।

सन्तानको दीर्घजीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुखशान्तिका लागि मनाइने ' जितिया पर्व' महोत्तरीसहित मिथिलाञ्चल क्षेत्रमा नहा खा (नुहाएर खानु) गर्दै सोमबारदेखि यो पर्व सरु भएको हो।

धार्मिक विधिअनुसार मंगलबार बिहान ४ बजेदेखि बुधबार साँझ ५ बजेसम्म बर्तालुहरु अन्नपानी नखाएर उपवास बस्ने गर्दछन्।

श्री जानकी भित्ते पात्रोमा रहेको मिथिला पञ्चाङ्गअनुसार मिथिलाञ्चलभरिमा सोमबार ' ओगठन' (दरखाने), मंगलबार जितिया व्रत र भोलि साँझ ५ बजे व्रत पारण (समापन) विधि गरिन्छ । तिथिअनुसार यस वर्ष सोमबारदेखि सुरु भएको पर्वअन्तर्गत नहा खा विधि सम्पन्न भई मंगलबार र बुधबार दिनभरि उपवास बसेर भोलि साँझ व्रत समापन गरिने परम्परा रहेको जलेश्वरनाथ महादेव मन्दिरका



पुजारी पण्डित उपेन्द्र पाठकले जानकारी दिनुभयो।

व्रत बस्नुअघि सोमबार महिलाले नदी, तलाउ वा पोखरीमा नुहाएर सोही ठाउँमा घिरौँलाको पातमा भगवान् जितमाहन र आफ्ना दिवङ्गत पितृलाई चिउरा, दही, अमोट (आँपको रसबाट तयार हुने खाद्यपदार्थ) र पिना प्रसादका रुपमा चढाएर परिवारका सबै सदस्यलाई खुवाएर आफूले खाएका उहाँले बताउनुभयो ।सयौँ बर्तालुले जिल्लाको विग्ही, रातो जङ्गहा, अङ्कुशी नदी तथा लक्ष्मी सागर, बरुणसागर, भार्गवसरलगायत पवित्र सरोवरमा स्नान गरेर जितमाहनको कथा सुन्ने गर्दछन् । कथा भन्ने र सुन्ने क्रममा पाकाले भन्ने र तन्नेरीले सुन्ने प्रचलन रहेको पण्डित पाठकले जानकारी दिनुभयो।

व्रतको पहिलो दिन सोमबार पूजापछि कोदोको रोटी, नुनीको साग र माछा खाने चलन छ, जसलाई स्थानीय भाषामा 'माछ मरुवा' (कोदो) भनिन्छ।

आज बिहानै काग कराउनुअघि पहिल्यै व्रती (बर्तालु) महिला ओगठन सम्पन्न गर्नुपर्ने हुन्छ।

औँगठनपछि उपवासको क्रम सुरु हुने भन्दै यसलाई पर्वको मुख्य अंश र मुख्य जितिया भन्ने गरिएको पण्डित पाठकले बताउनुभयो । आश्विन कृष्ण पक्षको अष्टमीका दिन मनाइने यो व्रतको मिथिलाञ्चल क्षेत्रमा विशेष महत्व रहेको जलेश्वर नगरपालिका-८ का पण्डित बद्रीनारायण झाले बताउनुभयो।

सन्तानको दीर्घ जीवन, सन्तान प्राप्ति तथा पारिवारिक सुखशान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक सांस्कृतिक तथा तान्त्रिक महत्व रहेको यालना संस्कृत विद्यापीठ मटिहानीका प्राध्यापक ध्रुव रायले बताउनुभयो । "यसले मिथिलाका महिलाको सांस्कृतिक भूमिका, महत्व र आस्था उजागर गर्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार पितृ पक्षमा मनाइने यो पर्वमा महिलाले दिवङ्गत पितृको सम्झनामा पिण्ड चढाउँछन्। मिथिलाञ्चलमा मनाइने व्रतमध्ये जितिया व्रतलाई पवित्र मानिने उहाँको भनाइ छ ।"राजा शालिवहानको राज्यमा एउटी महिलाका सात जना छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातै जनालाई दैत्यबाट फिर्ता ल्याइदिएको जनविश्वाससहित महिलाले शालिवहानलाई ' जितुमाहन' नामकरणगरी राजाको सम्झनामा उपवास बस्न थालेका पौराणिक कथन रहेको छ", प्राध्यापक रायले भन्नुभयो ।रासस

# गर्मीका कारण महोत्तरीका विद्यालय धमाधम बन्द

जलेश्वर। विगत एक सातादेखि अचानक गर्मी बढेपछि जिल्लाका अधिकांश विद्यालय तथा क्याम्पस बन्द गरिएका छन्।

बिहानैदेखि चर्को घाम र तातो हावा चल्न थालेपछि जिल्लाका चार स्थानीय तहहरुले मंगलबारदेखि चार दिनका लागि विद्यालय बन्द गरेका छन्। अन्य स्थानीय तहले पनि बन्द गर्ने तयारी गरेका छन्।

४० देखि ४४ डिग्रीसम्म तापक्रम पुगेपछि सदरमुकाम जलेश्वर नगरपालिकाले नगरक्षेत्रका सबै २९ वटा सामुदायिक एवं धार्मिक विद्यालयहरु आजदेखि लागू हुनेगरी चार दिनका लागि बिदा दिएको नगर प्रमुख सुरेश साह सोनारले बताउनुभयो।


मनरासिस्वा नगरपालिकाले पनि आउँदो शनिबारसम्मका लागि सबै २३ वटा सामुदायिक, धार्मिक तथा मदर्सामा बिदा दिएको नगरप्रमुख मोहन पाण्डेले जानकारी दिनुभयो।

महोत्तरी गाउँपालिकाले मंगलबारदेखि सबै सामुदायिक विद्यालयहरुमा शनिबारसम्मका लागि बिदा दिएको छ।




बर्दिबास नगरपालिकाले गर्मीलाई दृष्टिगत गरी आजदेखि चार दिनका लागि नगरभित्रका विद्यालयहरुमा पठनपाठन बन्द गरेको नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीले बताउनुभयो। जलेश्वर स्थित रामनन्दन विशेश्वर महेन्द्र क्याम्पसमा पनि बिदा दिइएको क्याम्पस प्रमुख अजयकुमार झाले बताउनुभयो। गर्मीकै कारण सदरमुकाम जलेश्वरस्थित प्रादेशिक अस्पतालमा ज्वरो, रुघाखोकी, झाडापखाला र टाइफाइडजस्ता बिरामीहरुको चाप बढेको छ ।रासस

# मौसममा फेरि फेरबदलः कृषि क्षेत्रमा असर पर्नसक्ने



काठमाण्डु । आगामी केही दिन देशभरको मौसममा बदलाव आई विभिन्न स्थानमा मेघगर्जन/चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाले सोमबार विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै वर्षाले विशेषतः कृषि क्षेत्रमा असर पर्ने देखिएकाले कृषि कर्म सुरु गर्नुभन्दाअगावै अध्यावधिक मौसम जानकारी तथा पूर्वानुमान नियमित हेर्न अनुरोध गरेको छ।

महाशाखाका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ।

बङ्गालको खाडीबाट प्रवाह हुने जलवाष्फयुक्त हावाको प्रभावका कारण मंगलबार दिउँसोदेखि देशभर आंशिकदेखि साधारणतया बदली रही लुम्बिनी प्रदेशका पश्चिमी भू-भाग तथा सुदूरपश्चिम प्रदेशका तराईका अधिकांश स्थानमा मेघगर्जन/चट्याङ्गसहित हल्का वर्षा तथा केही स्थानमा मध्यम र एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । जारी बुलेटिनमा सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका बाँकी भूभाग, कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम तथा मधेस प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

बुधबार देशभर आंशिकदेखि साधारणतया बदली रही सबै प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।रासस

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका टोली अनुगमनमा सक्रिय

काठमाण्डु । खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य पदार्थको नियमित अनुगमन गर्न काठमाडौँ उपत्यकामा तीनवटा टोली परिचालन गरेको छ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार विभागले सोमबार काठमाडौँ महानगरपालिका-२५ स्थित न्यूरोडमा रहेको गौतम स्वीट्स, महानगरपालिका-२४ स्थित इन्द्रचोकमा रहेको स्वस्तिक स्वीट्स एण्ड स्नाक्स, महानगरपालिका-२२ न्यूरोडस्थित कर्नर ताजा गुँदपाक भण्डारमा अनुगमन गरेको विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले राससलाई जानकारी दिनुभयो। अनुगमनका क्रममा व्यक्तिगत सरसफाइमा ध्यान दिन, एकपटक प्रयोग भएको तेल बारम्बार प्रयोग नगर्न र कृत्रिम रङको प्रयोग मापदण्ड बमोजिम मात्र गर्न निर्देशन दिएको जानकारी उहाँले दिनुभयो।


यसैगरी विभागले ललितपुरको गोदावरी नगरपालिका-११ स्थित प्रशंसा कलेक्सन एण्ड रिफाइन प्रशोधन केन्द्रमा पनि अनुगमन गरेको छ। उक्त केन्द्रमा वनस्पति घ्यूलाई




खिया लागेको ड्रममा तताएर जुजुघ्यू नाममा एक र दुई लिटरका ७२ डब्बामा नक्कली घ्यू र एक सय ५० ग्रामको १०० डब्बा नक्कली घ्यस्थानीय जनप्रतिनिधिको रोहवरमा नष्ट गरिएको छ।

विभागले भक्तपुरको मध्यपुर थिमी नगरपालिका- ३ स्थित मेहता स्टोर र सोही नगरपालिका -५ स्थित शुभलक्ष्मी जनरल स्टोरमा पनि अनुगमन गरेको छ । अनुगमनका क्रममा उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ अव्यवस्थित रुपमा राखिएको, खाद्यान्न भण्डारण गर्दा सुरक्षित विधिको प्रयोग नभएको पाइएको थियो। विभागले उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थलाई छुट्टै ठाउँमा व्यवस्थापन गर्न तथा खाद्यान्न भण्डारण गर्दा सुरक्षित विधिको प्रयोग गर्न निर्देशन दिएको छ।

अनुगमनका क्रममा मूल्यसूची व्यवस्थित रुपमा नराखिएको र व्यवसायसम्बन्धी कागजात नभेटिएको प्रवक्ता महर्जनले सुनाउनुभयो । मूल्यसूचीलाई सेवाग्राहीले देख्ने गरी व्यवस्थित रुपमा राख्न तथा व्यवसाय दर्तासम्बन्धी कागजात चुस्तदुरुस्त राख्न विभागले ती पसललाई निर्देशन दिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रहरी कार्यालय भित्रै अपराध

प्रहरीलाई चुनौती दिइरहेका चोरीलगायतका विभिन्न आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरुले जिल्ला प्रहरी कार्यालयको थुनुवालाई समेत कमजोर सावित गरिदिएको छ । जिल्ला प्रहरी कार्यालयको परिसर भित्र रहेको नयाँ थुनुवा घरबाट ९ जना कैदीहरु एकै पटक फरार भए । हुन त उनीहरुलाई चौबिस घण्टामै पक्राउ गर्न सफल भएको छ । प्रहरीका लागि भने यो गम्भीर चुनौती हो । प्रहरीको थुनुवा घरको डिजाइन गर्ने इञ्जिनियरको दक्षता र प्रहरी संगठनको अपराध नियन्त्रण विज्ञहरुको उदासीनता पनि देखिन्छ । प्रहरीको हरेक निर्माण कार्यमा सम्भावित आपराधिक गतिविधिलाई ध्यान दिनैपर्छ । थुनुवा भवनको भेन्टिलेशन फोरेर कैदीहरु फरार भएका हुन् । त्यसमा दुईवटा कारण देखिन्छ । एउटा भवन निर्माणमै प्राविधिक त्रुटि रहेकाले थुनुवाहरु भेन्टिलेशन फुटाएर सहजै बाहिर जान सके । अर्को जिल्ला प्रहरी कार्यालय परिसरको सुरक्षा व्यवस्था नै अत्यन्त फितलो रहेको छ । प्रहरी कार्यालयको चारैतर्फ पर्खालमाथि तारबार लगाइएको छ । सुरक्षाका लागि कयौं प्रहरीको ड्युटी हुन्छ । थुनुवा घरको विशेष सुरक्षा हुन्छ । भेन्टिलेशन फुटाएको पनि प्रहरीले सुइको पाएन । ९ जना थुनुवा त्यसबाट बाहिर निस्केर प्रहरी परिसरबाट समेत भाग्न सफल भए । यो घटनाले जिल्ला प्रहरी कार्यालयको सुरक्षा व्यवस्था अत्यन्त कमजोर रहेको पुष्टि गरेको छ । थुनुवाहरु आफ्नो ज्यानले मात्रै भागे । उनीहरुले हतियार लगायतका संवेदनशील वस्तुहरु लिएर पनि फरार हुन सक्ने सम्भावना देखिएको छ । जिल्ला प्रहरी कार्यालयकै सुरक्षा दिन असमर्थ प्रहरीले जानकी मन्दिरमा दिनहुँ हुने सुनको गरगहना चोरीलाई कसरी नियन्त्रण गर्न सक्छ ? घरमा पसेर चोरी हुने क्रम पनि बढेको छ । मोटरसाइकल चोरी त सामान्य नै भइसकेको छ । प्रहरी आफ्नो भूमिकालाई प्रभावकारी बनाउन कमजोर हुन थालेको छ । फरार भएका थुनुवाहरुलाई पक्राउ गर्न सफल भएको प्रहरीले अन्य चोरीका घटनाहरुमा संलग्नहरुलाई किन पक्राउ गर्न सक्दैन ? जानकी मन्दिरमा एकै दिनमा १० लाख बढी मूल्यको सुन चोरी हुँदा पनि प्रहरीले पक्राउ गर्न सकेको छैन । जानकी मन्दिरमा पर्याप्त सीसीटीभी कैमरा र विशेष सुरक्षाका लागि प्रहरीको युनिट नै राखिएको छ । तर चोरी रोकिएको छैन । जिल्ला प्रहरी कार्यालयमा रहेको लथालिंग सुरक्षा व्यवस्था रहेको देखिन्छ । तर फरार थुनुवा पक्राउ गर्न प्रहरीले देखाएको सक्रियता जस्तै अन्य स्थानहरुमा सुरक्षा लथालिंग रहेको छ । यसले प्रहरीको भूमिकामाथि प्रश्नसमेत उठाएको छ ?

## लोकपर्व जितिया

# सन्तानप्रति ममत्वको उत्कर्ष रुप



हिमांशु चौधरी

जनसमुदायका मान्यता र विश्वासलाई लोकपर्वको संज्ञा दिइएको छ । यसमा मानवीय विशिष्ट क्रियाकलाप ,दैनिक जीवन र उपलब्धि सन्निहित हुन्छ जसले जीवनशैलीलाई एउटा निश्चित धारतिर डोऱ्याइ रहेको हुन्छ । जितिया पर्वमा कुनै शास्त्रीय देवताको नभइ लोकदेवताको आराधना गरिन्छ । आमाहरुले सन्तानको दीर्घायु , आरोग्य जीवनको वरदान प्राप्त गर्न लोकदेवताको पूजाअर्चना गर्ने मान्यता छ । सन्तानको रक्षाका लागि कठोर व्रत गरी लोकदेवताबाट आशीर्वादको कामना गर्नु आमाको ममत्वको उत्कर्ष रुप देखिन्छ।

मातृत्वप्रतिको सम्मानको प्रतीक मानिएको जितिया पर्वमा आमाको सन्तानप्रतिको ममत्वको सांस्कृतिक दिग्दर्शनको बोध हुन्छ । यस पर्वले महिलाहरुको सांस्कृतिक भूमिकालाई उजागर गर्दै शिल्पगत तथ्य , वस्तु , धारणा , अभ्यास ,मूल्य र परम्परालाई निर्द्वन्द्व प्रवाहित गर्दछ। मूलतः लोकपर्व जितिया व्रत गर्नुले कुनै आकस्मिक खतराबाट रक्षा र वंश वृद्धिको विश्वास पनि पाइन्छ। यसका लागि असोज महिनाको सप्तमीदेखि नवमी तिथिसम्म विधिपूर्वक व्रत गरिन्छ । यो व्रत गर्दा सन्तानको सबै संकट दूर हुन्छ भने विश्वास प्राचीनकाल देखि मान्यता छ । पौराणिक ग्रन्थमा यो व्रतको महत्व महाभारतकाल देखि नै रहेको उल्लेख छ। यसमा मन ,वचन र काममा शुद्धतालाई महत्व दिइ जीवन शक्ति प्रदान गरिएको छ।

जीवितपुत्रिका व्रत वा जिमुतवाहन व्रत पनि भनिने गरिएको जितिया अत्यन्त नियम निष्ठापूर्वक कठोर उपवासका साथ आमाहरुले जितिया पर्व मनाउने परम्परा रहेको छ । भगवान जिमुतवाहनले सन्तानको रक्षा एवं कल्याण गर्छन भन्ने आस्था छ। यसका लागि आमाले जिमुतवाहन देवताको निर्जला व्रत बसी प्रार्थना बस्छन् । वर्तमानमा जितिया धार्मिक अनुष्ठान र सांस्कृतिक लोकपर्वका रुपमा सीमित नरही विशिष्ट उत्सव स्वरुप पनि धारण गरेको छ । परिणाममा पर्व सुरु हुनु पूर्व विभिन्न स्थानमा संरक्षण , सांस्कृतिक जागरणमूलक उत्सवको आयोजन गरी लोकपर्वको सांस्कृतिक आधार प्रस्तुत गर्ने क्रम बढेको देखिएको छ।

प्रकृति र पर्यावरणका विविध पक्षसंग गहिरो साइनोको निरन्तरताको प्रतीक रहेको जितिया पर्वले वनस्पतिक सम्पदाको संरक्षण तथा टेवालाई बल पुऱ्याइ रहेको छ। घिरौंलाका पात , फूल , तोरीको तेल , खरि , नरिवल , कांक्रा , केराउ , केरा केराको पात , बांसको पात, पान पूजा सामग्रकि रुपमा प्रयोगले यसको पुष्टि गर्दछ। माटाका स्याल चिल बनाइ पूजाले पनि यसको विशिष्टतालाई उजागर गर्दछ। यी वस्तु , सामग्री बारे शास्त्रीय पक्ष उल्लेख नभए पनि स्थान , क्षेत्र , परिवेशका उत्पादन तथा साधनहरुलाई उपयोग गरी समुचित स्थान ,सम्मान, पूजायोग्य र प्रसादका रुपमा महत्व दिएको पाइन्छ । पूजामा आउने यी विविध वनस्पति , जीवजन्तु तथा पोखरी आदिको प्रसंगले प्रकृतिप्रतिको सचेतना सदियौदेखि जारी रहेको बोध गराउँछ।

लोककल्याणका पक्षहरुलाई सांस्कृतिक आवरणका संरक्षण दिंदै समाजका हरेक जातिले यो पर्व मनाउने गर्दछन् । मातृत्व पक्षप्रति सम्मान गरी सांस्कृतिक अविभाज्य अंगका रुपमा जीवन शक्ति प्रदान गरिरहेको छ । ।आफ्ना दिवंगत सासुका साथै दिवंगत आमा तथा अन्य पूज्य महिलाप्रति श्रद्धास्वरुप पितराइन खुवाउने गरिन्छ। पर्वले मानवीयता ,समानता , प्रकृति, पर्यावरण आदिलाई संरक्षण एवं प्रवर्द्धन गर्न गतिलो स्थान प्रदान गरेको छ । जितिया पितृ पक्ष अन्तर्गत पर्दछ । पितृ पक्षमा पुरुषवर्गले आफ्ना दिवंगत पितृहरुलाई पक्षभरि नै तर्पण दिने गर्दछन् भने महिलावर्गले जितिया व्रतमा दिवंगता महिलालाई नैवेद्य अर्पण गर्ने गर्दछन् ।

जितियामा सप्तमी तिथिमा नहाएखाए गरिन्छ । यस दिन व्रतार्थी स्नानादि गरी पवित्र भइ घिरौंलाको पातमा तोरी वा सर्स्युको तेल र पिना ( खरि ) चढाएर जिमुतवाहन देवताको पूजा गर्दछन् , जसलाई तेलखरि भनिन्छ । यो तेलखरि प्रसादस्वरूप घरका सबैले टाउकोमा लगाउने गर्दछन् ।

सप्तमी तिथिकै दिन दिवंगता महिला प्रति श्रद्धा स्वरूप नैवेद्य अर्पण गरी महिलाहरूलाई निम्तो दिइ भोज गर्ने चलन पनि रहेको छ , जसलाई पितराइन भनिन्छ । यसै दिन सधवाले कोदो (मरूवा) रोटी र माछा खाने परम्परा रहेको छ। शाकाहारी हुनेले गम्हरी ( कोसा भित्रै फल्ने धान ) को खीर वा भात पनि खाने चलन छ। सो दिन नैवेद्यमा गहुँको पिठो र गुड मिसाएर पकाइएको पकवान , चामल , दाल , दही , च्यूरा , खीर ,रोटी , दूध , चीर्ना जस्ता वस्तुहरु आफ्ना कुलवंश , रीति परम्परा अनुसार चढाइने गरिन्छ।

सोही तिथिको रातिको अन्तिम प्रहरमा व्रतार्थी दही , च्यूरा। फल ,अमोट , मिष्ठान आदि खाने गर्दछन् , जसलाई ओठङन भनिन्छ । यसरी खाइसकेपछि व्रतार्थी जलपात्रमा जल लिइ घरको ढोकाको दैलोको छेउमा भित्तामा अडेस लगाएर पानी पिउने गर्दन् । जितिया व्रत अष्टमी तिथिको व्रत भएकाले अष्टमी तिथि रहुञ्जेलसम्म निराहार बसिन्छ।

नवमी तिथिमा स्नानादि गरी पवित्र भई पूर्ववत् जिमुतवाहनलाई नैवेद्य अर्पण गरी प्रसाद ग्रहण गरिन्छ। यसरी व्रतको पारण गरिन्छ । यस पर्वमा थुक पनि निल्न नहुने र ३६ घण्टासम्म निराहार उपवास व्रतमा बसी व्रतलाई खण्डित पनि गर्न नपाउने नियम रहेकाले यो पर्वलाई कठोर पर्वका रुपमा पनि लिइन्छ।

विशेष रुपले आइतवार र मंगलबार पर्ने जितियालाई अधिक महत्व दिइन्छ। यसलाई खर जितिया पनि भनिन्छ । कुनै व्यक्ति ठूलो दुर्घटनाबाट बाँच्न सफल भयो भने उसको आमाले खर जितिया गरेकी रहेछन् भन्ने मान्यता पनि रहेको छ। जितिया पर्वको मुख्य उद्देश्य मोक्षप्राप्तिको कामनासँगै परिवारको कल्याण पनि रहेको धारणा पाइन्छ। यस पर्वबारे जनुसमुदायमा " जितिया पावनि बड भारी ,धियापूताके ठोकि सुतौलनि ,अपने खयलनि भरि थारी " भनाइ छ । अर्थात् जितिया पर्व धेरै ठूलो छ । यो पर्व गर्न आमाले छोराछोरीलाई ठोक-ठाक पारेर सुताइदिन्छे अनि आफू थालभरि खान्छे । तर वास्तविकता त्यो होइन, त्यो त खाली त्यसको पवित्रता र महत्वलाई दर्शाउने गरी त्यो पर्व गर्नुभन्दा अगाडि प्रत्येक महिलाले व्रत लिन अपनाउने सतर्कताका क्रममा गरिने चरणको कार्य मात्र हो।

### जिमुतवाहनको पूजा

अष्टमीका दिन व्रतालुले नजिकको पोखरी, तलाउमा स्नान गरी भगवान् सूर्यलाई अर्घ अर्पण गर्छन् । त्यसपछि वव्रको सङकल्प गर्छन् र घरमा आएर डाली भर्ने गरिन्छ। डालीमा नरिवल, काँक्रो, स्याउ, केरा लगायतका फलफूल राखेर नयाँ कपडाले छोपिन्छ।



मध्यान्हतिर टोलभरिका महिलाले एक ठाउँमा भेला भएर जिमुतवाहन व्रतको महत्व, पर्वको शुभारम्भ, जिमुतवाहन देवताका बारेमा व्रतालु महिलाले कथावाचन गर्छन् र सबैले कथा श्रवण गरेपछि आ-आफ्ना घर फर्किन्छन् । साँझतिर आँगनमा गाईको गोबरले लिपपोत गरेर एउटा सानो खाल्डो खनेर पोखरीको निर्माण गरिन्छ । त्यो पोखरीको डिलमा पाकडी रुखको सानो हाँगा गाड्नुका साथै हाँगामा माटोको चिलको आकृति र हाँगामुनि स्यालको आकृति बनाउँछन्। त्यहाँ जलले भरिएको कलशमा कुशको जिमुतवाहनको मूति राखिन्छ र फलफूल लिएर जिमुतवाहनको व्रतालु महिलाले पूजापाठ गर्छन्।

### जिमुतवाहन को हुन् ?

भविष्य पुराणका अनुसार शालिवाहन राजाका पुत्र जिमुतवाहन थिए। उनीमाथि महादेवको असीम कृपा रहेकाले नियम निष्ठाले व्रत गर्ने महिलालाई सन्तान दीर्घायु हुने वरदान भगवानबाट प्राप्त गरेका थिए।

### चिल र स्यालको पनि पूजा

हिन्दुधर्मको विभिन्न पर्वमा कतिपय चरा र जनावरलाई विशेष महत्व दिएर पूजा गरेर सम्मान दिने परम्परा रहेको छ। सोही अनरुप गाई, परेवा, काग, कुकुर, हाँस, बाघ, मुसो लगायतका जनावरको पूजा गरिन्छ भने जितिया पर्वमा चिल र स्यालको पूजा गर्नुपर्ने हुन्छ। चिल र स्याल( पशुपंक्षी र पशु ) लाई नैवेद्य चढाउनुले पशुपंछीप्रति समेत आत्मीयता र श्रद्धा प्रदर्शित भएको देखिन्छ।

### जितिया पर्व कथा

कनकावती नगरको मध्यभाग स्थित नर्मदा नदीको डिलमा पाकरीको रुखको फेदमा स्याल बस्थ्यो भने हाँगामा चिल । दुईवटैको बीचमा घनिष्ठ मित्रता थियो। एक दिन जितिया पर्व मनाउने महिलाले नर्मदा नदीमा स्नान गरी त्यही रुखको फेदमा बसेर जिमुतवाहन देवतालाई प्रसाद चढाएर कथावाचन गरेका थिए। व्रतालु महिलाको कथा सुनेर चिल र स्याललाई पनि जितिया व्रत गर्ने इच्छा जागृत भयो । दुवैले सल्लाह गरी व्रतमा बस्ने निधो गरे । सोही राति नर्मदा नदीको डिलमा एक व्यापारीको छोराको दाहसंस्कार गरियो । मृतकका आफन्तले शवको अधिकांश भाग जलेपछि छोडेर घर फर्के । उनीहरु फर्केर गएको देखेर स्याललाई मृतकको मासु खाने इच्छा जाग्यो र साथी चिललाई थाहै नदिई मासु पनि खायो र केही लुकाएर पनि राखेको चिलले हेरिरहेको थियो । कालक्रममा प्रयागको कुम्भ मेला दुबैको मृत्यु भयो।कुम्भमा मृत्यु भएका कारण दुबैको जन्म वेदका ज्ञाता भास्कर नामक ब्राम्हणको घरमा भयो । पूर्वजन्ममा चिलको शिलावती र स्यालको कर्पुरावतीका रुपमा जन्म भयो । जेठी शिलावतीको विवाह धनवानको घरमा र कर्पुरावतीको राजाको घरमा। जेठी शिलावतीका सात छोरा भए तर महारानी भएकी कर्पुरावतीको छोरा जन्मियो तर मृत्यु भयो।

वर्षौंपछि दुवैको सम्बन्ध चिसिँदै गएपछि जेठी शिलावतीले आफ्नी बहिनीलाई पूर्वको घटना स्मरण गराउँदै व्रत भङग गरेको कारण यस जन्ममा तिम्रो सन्तानको मृत्यु भएको भनी जानकारी गराएको धामिर्क ग्रन्थमा उल्लेख गरिएको छ। त्यसै कारणले यो व्रत जति कठोर भए पनि व्रतलाई कसैले खण्डित गर्न चाँदैनन्।

जितिया व्रतमा प्रयोग हुने तोरी वा सर्स्यूको तेल , पिना , घिरौंलाको पात , नैवेद्यका वस्तुहरू स्वास्थ्य र संस्कृति दुबै दृष्टिले महत्वपूर्ण मानिन्छ। व्रतको एक दिन पहिले कोदोको रोटी र माछा तथा एकदिन पछि केराउ मिसाइएको साग खानुपर्ने व्यवहारले खानपान र विविधताको पहिचान गराउँछ । ओठङनको समयमा पानी खाने बेलामा भन्ने मन्त्रले दाजुभाइ तथा दिदीबहिनी बीच आत्मीयताको बोधका साथै सांस्कृतिक मान्यता प्रतिबिम्बित भएको पाइन्छ।

जितिया पर्वलाई दसैं आगमनको सङकेतका रुपमा पनि लिइन्छ । कतिपय महिलाले यस पर्वमा पुर्खालाई समेत पूजा गर्ने गरेको पाइन्छ। यस पर्वमा आफना कुलका मृत श्रेष्ठ महिलाको स्मरण गर्दै पूजन गरिन्छ। छोरा र छोरीमा भेद्भाव गर्नुहुन्न भन्ने चेतना बढ्दै गएकाले यसलाई अचेल आफना सन्तानको कल्याणका लागि मनाइने पर्व पनि भन्न थालिएको छ । यो व्रत खण्डित हुँदा सन्तानलाई अनिष्ट हुने जनविश्वास रहेकाले यस पर्वले सामाजिक, धामिर्क र सांस्कृतिक विविधतालाई पनि सामाजिक संरचनाकै अभिन्न पर्वका रुपमा बुझ्नु जरुरी छ । पारिवारिक जीवन सुखमयको कामना , पितृवर्गप्रति कुलपुवर्गले मात्र नभइ कुलवधूवर्गले समेत श्रद्धा व्यक्त गर्ने , खानपानको विविधताको पहिचान , सामाजिक सद् भाव वृद्धि ,आमाद्वारा सन्तानप्रति ममत्व र समतामूलक सभ्य समाज निर्माण गर्नेतर्फ प्रैरणा एवं उत्साह प्रदान गरी मौलिक संस्कृतिको मूल स्वरुप दृष्टिगोचर हुन्छ।

# कुकुरहरूबाट सावधान रहनुहोस्, रेबिज भनेको मृत्यु



डा.केदार कार्की

रेबिजका कारण विश्वभर करिब ५९ हजार मानिसको मृत्यु हुने गरेको छ। जसमध्ये ९० प्रतिशत रेविज संक्रमित कुकुरको टोकाइबाट मर्छन् । भारतमा रेबिजका कारण वर्षेनी १८ हजारदेखि २० हजार मानिसको मृत्यु हुने गरेको छ। यीमध्ये अधिकांशको मृत्यु उपचार र स्वास्थ्य सुविधाको अभावका कारण हुने गरेको छ। यो विश्व स्वास्थ्य संगठनको आंकडा हो जसले डर र प्रश्न उठाउँछ। रेबिज एक संक्रामक रोग हो, जुन जनावरको र्यालबाट सर्छ। यो न्यूरोट्रोपिक लाइसाभाइरस भाइरसबाट फैलिन्छ। यसले केन्द्रीय स्नायु प्रणालीलाई असर गर्छ। रेबिजसँग सम्बन्धित रोचक तथ्य।

सन् १८८५ मा रेबिजको सुई पत्ता लागेको थियो ।यसलाई दुई फ्रान्सेली वैज्ञानिक लुई पाश्चर र एमिल रक्सले पत्ता लगाएका थिए । ६जुलाई १८८५ मा, यो इंजेक्शन पहिलो पटक ९ वर्षको बच्चा जोसेफ मेस्टरलाई दिइएको थियो।सेप्टेम्बर २८ मा विश्व रेबिज दिवस मनाइन्छ।

डब्ल्यूएचओको प्रतिवेदन अनुसार जापान, अमेरिका र अष्ट्रेलिया रेबिज मुक्त देश हुन् । यो रेबिज मुख्यतया दुई प्रकारमा हुन सक्छ,

उग्र या तीव्र रेबिज,पक्षघाती रेबिज

### रेबिजले कसरी असर गर्छ-

जब रेबिज भाइरस मानिसको स्नायु प्रणालीमा पुगेर मस्तिष्कमा पुग्छ ।जब रेबिज भाइरस मानिसको स्नायु प्रणालीमा पुग्छ, यसले मस्तिष्कमा सुन्निने गर्छ।जसका कारण व्यक्ति चाँडै कोमामा जान्छ वा मर्छ।रेबिज पीडितलाई पानीदेखि पनि डर लाग्छ । यसका साथै कतिपयलाई यसका कारण पक्षाघात पनि हुनसक्छ । खतरनाक संक्रमण हो।

उग्र रेबिज भएका व्यक्तिहरूले अनियमित व्यवहार, चरम रिस वा उदासी, अनौठो उत्तेजना र चिडचिडापन जस्ता प्रमुख व्यवहार परिवर्तनहरू अनुभव गर्छन्।

### यसका अन्य लक्षणहरू-

घबराहट महसुस हुनु, धेरै नराम्रो सपना देख्नु (डरलाग्दो), दिमागमा अशान्ति हुनु, झनझन महसुस हुनु, शरीरमा पीडा हुनु, पानीको डर लाग्नु, कुनै पनि चिज निल्न गाह्रो हुनु, धेरै लार लाग्नु।

### पक्षघाती रेबिज -

यसको प्रभाव र प्रभाव क्रमशः छ। यसले धेरै समय लिन्छ तर यसको प्रभाव धेरै गम्भीर छ। यसले गर्दा मृत्यु पनि हुन सक्छ र शरीर पक्षाघात हुन सक्छ।


यसका अन्य लक्षणहरू-डर लाग्नु, धेरै नर्भस हुनु, रिसाउनु।

रेबिज भाइरस फैलाउने जनावरहरूःयसलाई दुई भागमा विभाजन गर्न सकिन्छ-घरपालुवा जनावर-कुकुर, बिरालो, गाई, बाख्रा, घोडा र गधा।जंगली जनावर - बाँदर, स्याल, चमेरो।

कुकुर, बाँदर, लङ्गुर आदिको टोकाइबाट मानिसको रगतमा मिसिने र्यालका कारण रेबिज नामक रोग लाग्ने जोखिम हुन्छ। रेबिज रोगले सिधै बिरामीको मानसिक सन्तुलन बिगार्छ, जसका कारण बिरामीको दिमागमा सन्तुलन रहँदैन।

रेबिजका बिरामी पानीसँग धेरै डराउँछन्। बिरामीको मुखबाट र्याल निस्कन्छ। बिरामी उज्यालोसँग डराउँछन्। ऊ भुक्न पनि थाल्छ। उसलाई कुनै पनि कुरामा रिस उठ्न सक्छ।

रेबिज रोगबाट बच्न अस्पतालमा एन्टी रेबिज भ्याक्सिनको सुई दिइन्छ । यसबाट बच्न सकिन्छ। नियमअनुसार पहिलो सुई ७२ घण्टाभित्र, दोस्रो तीन दिनपछि, तेस्रो सात दिनपछि, चौथो १४ दिनपछि र पाँचौं २८ दिनपछि दिइन्छ।



### रेबिजबाट कसरी बच्न सकिन्छ ?

आफ्नो घरेलु जनावरहरूलाई सही समयमा खोप लगाउनुहोस्।आफ्नो घर पालुवा जनावरहरूलाई सडकका जनावरहरूबाट टाढा राख्नुहोस् र तिनीहरूको ख्याल आफै गर्नुहोस्। यदि जनावरको व्यवहारमा अचानक परिवर्तन आएको छ भने, यसलाई राम्ररी जाँच गर्नुहोस्।जंगली जनावरहरूसँग आफैं सम्पर्क नगर्नुहोस्।स्थानीय पशु विभागलाई सम्पर्क गर्नुहोस्। जनावरलाई छोएपछि साबुन पानीले हात धुनुहोस्। आवारा जनावरहरूको लागि तिनीहरूको नियन्त्रण केन्द्रमा सम्पर्क गर्नुहोस्।सम्बन्धित गैरसरकारी संस्थामा सम्पर्क गर्नुहोस् ताकि तिनीहरूले उपचार गर्न सकून्।सही समयमा रेबिज खोप लगाउने सुनिश्चित गर्नुहोस्।

### जनावरले टोकेमा के गर्ने ?

सबैभन्दा पहिले, जनावरले तपाईंलाई टोकेको ठाउँलाई तुरुन्तै पानी र साबुनले राम्ररी धुनुहोस्।त्यो ठाउँ राम्ररी सफा गर्नुपर्छ। बिरामीलाई जनावरले टोकेपछि तुरुन्तै टिटानसको सुई दिनुपर्छ। चिकित्सकको परामर्शपछि उचित उपचार गर्नुपर्छ ।रेबिज कोर्स पूरा गर्नुपर्छ।खानपानमा पनि पूर्ण ख्याल गर्नुपर्छ।

रेबिज खोप दुई तरिकाले गरिन्छः

यसबाट जोगाउन ।यसको संक्रमित व्यक्तिलाई।

रेबिज विरुद्धको खोपको प्रयोग धेरै महत्त्वपूर्ण छ, कसले यसलाई पहिले लिनुपर्छ-

पुराना गुफाहरूमा अध्ययन गर्ने मानिसहरू।जंगलमा काम गर्ने मानिसहरूलाई।वन विभागमा काम गर्नेहरूका लागि।पशु अस्पतालमा काम गर्नेहरू।पशु हेरचाह गर्नेहरू।

### रेबिज खोपको खुराकहरु निम्न छनः

खोपको पहिलो खुराक - यो खुराक संक्रमण पछि दिइन्छ।खोपको दोस्रो डोज - यो पहिलो डोजको सात दिन पछि दिइन्छ।खोपको तेस्रो डोज - तेस्रो डोज दोस्रो डोजको २१ देखि २८ दिनपछि दिइन्छ।

डाक्टरहरूले पहिले रेबिज इन्जेक्सनसँगै रेबिज इम्युन ग्लोब्युलिन सुई लगाउँछन्।कुनै पनि जनावरले टोक्नु अघि यो सुई लगाउनेहरूलाई दुईवटा मात्र सुई लगाइन्छ र रेबिज इम्युन ग्लोब्युलिन इन्जेक्सन दिइँदैन।

यस बारे सावधान रहनुहोस्

यदि कुकुरले केहि खाइरहेको छ वा पिइरहेको छ भने नजिक नजानुहोस्।यदि कुकुरसँग कुकुर का छाऊरा छन भने नजिक नजानुहोस्।यदि कुकुरहरू लडिरहेका छन् भने, तिनीहरूबाट टाढा रहनुहोस्।सुतिरहेको कुकुरलाई बाधा नगर्नुहोस्।कुकुरको धेरै नजिक नजानुहोस्।साथै बच्चाहरूलाई कुकुरको कान, पुच्छर आदि नतान्न पनि भन्नुहोस्।

# परराष्ट्रमन्त्रीद्वारा विपीन जोशीको रिहाइका लागि विश्व समुदायको ध्यानाकर्षण





काठमाण्डु । संयुक्त राष्ट्रसङ्घको ७९ औं महासभामा सहभागी हुन न्युयोर्कमा रहनुभएकी परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अतिवादी समूह हमासको नियन्त्रणमा रहेका विपीन जोशीको सकुशल रिहाइका लागि प्रयास गर्न विश्व समुदायसँग आग्रह गर्नुभएको छ।

सोमबार भएको असंलग्न आन्दोलन (नाम)को मन्त्रिस्तरीय बैठकमा उहाँले जोशीको रिहाइका लागि विश्व समुदायको ध्यानाकर्षण गराउनुभएको हो। नेपाल विपीन जोशीको रिहाइको प्रतिक्षामा रहेको बताउँदै उहाँले त्यसका लागि सहयोग गर्न विश्व समुदायसँग आग्रह गर्नुभयो । गत अक्टोबरमा ७ मा हमास समूहद्वारा इजरायलमा भएको आतङ्ककारी आक्रमणमा १० जना नेपालीको ज्यान गएको थियो । आक्रमणपछि हमासले जोशीलाई नियन्त्रणमा लिएको थियो। सरकारले सो हमलाको निन्दा गर्दै जोशीको सकुशल रिहाइको माग गर्दै आएको परराष्ट्रमन्त्रीले बताउनुभयो।

विश्वशान्ति स्थापनाका लागि सामूहिक प्रयास आवश्यक भएको बताउँदै उहाँले भन्नुभयो "दोश्रो विश्वयुद्धपछि विश्वका धैरै स्थानमा द्वन्द्व बढेको छ । हामी इतिहासको जटिल मोडमा उभिएका छौँ, सशस्त्र द्वन्द्वबाट आफ्ना नागरिकहरुको रक्षाको लागि उच्च प्राथमिकताका साथ काम गर्नुपरेको छ। जेनेभा अभिसन्धिमा हस्ताक्षर भएको ७५ औं वर्षमा हामी छौँ तर पनि नागरिकहरुको रक्षाका लागि यसले आत्मसात् गरेका सिद्धान्तहरुलाई बेवास्ता गरिरहेका छौँ । यस्तो अवस्थाको चाँडै अन्त्य हुनुपर्छ र हामीहरु सबै शान्तिपूर्ण सहअस्तित्वको सम्मानका साथ अघि बढ्नुपर्छ ।"परराष्ट्रमन्त्रीले गाजा, रुस र युक्रेनमा जारी द्वन्द्व तत्काल रोकेर समस्याको शान्तिपूर्ण निकास खोज्न आग्रह गर्नुभयो।उहाँले गाजामा नागरिक, पत्रकार, राष्ट्रसङ्घीय कर्मचारी, स्वास्थ्यकर्मी तथा सर्वसाधारणको हत्या, पूर्वाधारहरुमाथिको आक्रमणको निन्दा गर्नुभयो।

मन्त्री राणाले इजरायल र प्यालेष्टिन, रुस युक्रेन होस् या अन्य यस्ता प्रकारका द्वन्द्वहरुको समाधान रचनात्मक तरिकाबाट खोज्न र हिंसा अन्त्यका लागि दबाब दिन अन्तर्राष्ट्रिय समुदायलाई अनुरोध गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। नेपाल असंलग्न आन्दोलनको प्रतिबद्ध सदस्य भएकाले सबै देशसँग शान्ति, मैत्री र सहअस्तित्वका आधारमा सम्बन्ध विस्तार गर्न चाहन्छ भन्नुभयो।रासस

# विदेशमा रहेका युवालाई स्वदेशमै अवसर सृजना गर्न प्रधानमन्त्री ओलीको आग्रह




न्युयोर्क । प्रधानमन्त्री केपी शर्मा ओलीले विदेशमा रहेका नेपाली युवालाई रोजगारी विकासका लागि स्वदेशमा फर्केर अवसर सृजना गर्न आग्रह गर्नुभएको छ। संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा रहनुभएका प्रधानमन्त्री ओलीले सोमबार कोलम्बिया विश्वविद्यालयद्वारा आयोजित वल्ड लिडर्स फोरममा गरिबी निवारण गरी सबैलाई सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार दिलाउन समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा अघि सारिएको स्पष्ट पार्नुभयो।

'नेपालको लोकतन्त्र र आर्थिक विकासको यात्रा' विषयक संवादमा मुख्य वक्ताका रुपमा सम्बोधन गर्दै उहाँले नेपालबाट विदेश गएका विद्यार्थी र युवाहरूको मात्रै सङ्ख्या बाहिर आउने तर विदेशबाट स्वदेश फर्किएकाहरूको हिसाब नभएको उल्लेख गर्दै फर्कनेहरूको क्रम पनि बढेको स्पष्ट गर्नुभयो। प्रधानमन्त्री ओलीले रोजगारीका अवसरका लागि नेपाल सरकारले साना-साना उद्योग र 'स्टार्टअप'जस्ता कार्यक्रम ल्याएको जनाउँदै युवाहरूबिना मुलुकले रुपान्तरण गर्न सक्दैन भन्नेमा आफू स्पष्ट रहेकाले युवालाई राष्ट्र निर्माणमा एकजुट हुन आग्रह गर्नुभयो।

"नेपालको आर्थिक अवस्था त्यस्तो धैरै कमजोर छैन। बरु म यसको समृद्धिको प्रचुर सम्भावना देखिरहेको छु, जुन हामीले मेहनत गरेमा छोटो समयभित्र हाँसिल गर्न सक्नेछौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी उदाउँदो लोकतन्त्र भएका मुलुक हौँ । भारत र चीनजस्ता आर्थिक शक्तिराष्ट्रका छिमेकी पनि हौँ । त्यस अर्थमा नेपाल आर्थिक विकासका लागि बहुआयामिक अर्थतन्त्र बन्न सक्ने अवस्थामा छ।"

उहाँले आफूले नेपालको लोकतान्त्रिक आन्दोलनमा निर्णायक भूमिका निर्वाह गरेका संसद्का दुई ठुला दलसहितको सरकारको नेतृत्व गरिरहेको अवगत गराउँदै सुशासन र पारदर्शिता कायम गर्ने सङ्कल्प लिएको जानकारी दिनुभयो । "नेपालीलाई समृद्ध र सुखी बनाउनेबाहेक हामीसँग अरु कुनै अभिष्ट छैन । समृद्धिको यात्रामा हामी पूर्ण कटिबद्ध रहेका छौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो।

यसैगरीप्रधानमन्त्री ओलीले युएसआइडी र युनिसेफद्वारा आयोजित 'लिड फ्रि फ्युचरः पार्टनरसिप लन्च एण्ड प्लेजिङ इभेन्ट'लाई सम्बोधन गर्दै लिडमुक्त अभियानमा ऐक्यबद्धता जनाउनुभयो । उहाँले नेपालले पहिलेदेखि नै लिडको प्रयोगका कारण बालबालिकाको स्वास्थ्यमा असर परेको बुझाइसहित त्यसलाई मुक्त गर्ने नीति कार्यान्वयन गर्दै आएको र हालै संसद्मा खाद्य सुरक्षासम्बन्धी विधेयक ल्याएको स्पष्ट पार्नुभयो ।कार्यक्रममा अमेरिकी राष्ट्रपति जो बाइडेनका पत्नी डा जिल वाइडेन, डोमिनिकाका राष्ट्रपति, मलावीका राष्ट्रपतिलगायतले पनि सम्बोधन गर्नुभएको थियो।

**क्यालिफोर्नियामा नेपाली महावाणिज्यदूतावास खुल्ने**

प्रधानमन्त्री केपी शर्मा ओलीले अमेरिकाकोपश्चिमीक्षेत्रक्यालिफोर्नियामा चाँडै नेपाली महावाणिज्यदूतावास खोल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा भाग लिन नेपाली प्रतिधिमण्डलको नेतृत्व गर्दै संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा रहनुभएका प्रधानमन्त्री ओलीलाई भेटेर प्रवासी नेपाली मञ्चलगायत नेपाली समुदायका विभिन्न सङ्गठनले सो क्षेत्रमा महावाणिज्यदूतावास खोल्न माग गरेपछि प्रधानमन्त्री ओलीले उक्त प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

सो राज्यमा करिब एक लाख नेपाली रहेको छन् । हाल नेपालको महावाणिज्यदूतावास रहेको न्युयोर्क वा वासिङ्टन डिसीमा पुगेर सेवा लिन टाढा पर्ने भएकाले क्यालिफोर्नियाको सन फ्रान्सिस्को सहरमा कन्सुलर कार्यालय खोल्न नेपाली जनसम्पर्क समिति, नेपाली एशोसियसन अफ नर्देन क्यालिफोर्नियालगायत संस्थाबाट माग गरिएको थियो । महावाणिज्यदूतावास स्थापना भएमा राहदानी नवीकरणलगायत नेपाली समुदायले भोग्नुपरेका समस्याको धैरै हदसम्म सम्बोधन हुने भएकाले ती संस्थाहरुले सो क्षेत्रमा महावाणिज्यदूतावास खोल्न आग्रह रहेका हुन्।

प्रधानमन्त्री ओलीले उक्त मागप्रति आफू सकारात्मक रहेको बताउँदै नेपाल सरकारले यसबारे छिट्टै निर्णय गर्ने विश्वास दिलाउनुभयो । "तपाईंहरु ढुक्क भएर जानुहोस् । क्यालिफोर्नियामा चाँडै नेपाली महावाणिज्यदूतावास खोल्ने विषयमा हामीले सोच बनाइसकेका छौँ", उहाँले भन्नुभयो।

क्यालिफोर्निया राज्य विज्ञान र प्रविधिको हबका साथै सिलिकन भ्यालीसमेत भएकाले त्यसबाट नेपाल र नेपालीहरुले व्यापारिक तथा प्रविधिगत लाभ लिनसक्ने मागपत्रमा उल्लेख गरिएको छ। उक्त समितिले परराष्ट्रमन्त्री डा आरजु राणा देउवालाई पनि भेटेर सोही माग राख्नुका साथै क्यालिफोर्निया भ्रमणको निमन्त्रणा दिएको छ।

**शिष्टताको परिचय दिन आग्रह**

प्रवासी नेपाली समुदायका प्रतिनिधिले प्रधानमन्त्री ओलीलाई राष्ट्रसङ्घको सहभागिता र अमेरिका भ्रमण सफलताको कामना गर्दै नेपालको समृद्धि र विकासका लागि प्रवासमा रहेका नेपालीले पनि भूमिका खेल्ने जनाएका थिए । उनीहरुले दोहोरो नागरिकताका समस्या र नेपालको संविधान संशोधनका सवालबारे पनि विचारविमर्श गरेका थिए।

प्रधानमन्त्री ओलीले नेपालीहरु जहाँ रहे पनि शिष्ट र मर्यादित हुनुपर्नेमा जोड दिँदै गैरआवासीय नेपाली सङ्घभित्र पनि विवाद भइरहने स्थिति अन्त्य हुनुपर्ने बताउनुभयो । "नेपालीहरु जहाँ भए पनि यस्तै हो भन्ने प्रभाव पार्नु हुँदैन । साना स्वार्थले बुझ्दै नबुझी नराम्रा व्यवहार गर्न पुग्छन्, तिनीहरुलाई सम्झाइबुझाइ गरेर सही मार्गमा ल्याउनु हाम्रो दायित्व हो", उहाँले भन्नुभयो ।प्रधानमन्त्री ओलीले एकपटकको नेपाली सधैँका लागि नेपाली हुने मान्यतासहित काम गर्न आग्रह गर्दै राजनीतिक अधिकार प्रयोग गर्नुपरेमा प्रवासको नागरिकता निस्क्रिय पारेर गर्न सकिने बताउनुभयो।

**'गणतन्त्र मास्ने कुरा हुन सक्दैन'**

राजनीतिक प्रसङ्गमा सहभागीको जिज्ञासामा प्रधानमन्त्री ओलीले लोकतान्त्रिक मूल्यमान्यता, सङ्घीयता, गणतन्त्र र मुलुकको सार्वभौमसत्ताको रक्षाजस्ता विषयमा संविधान संशोधनमा हेरफेर नहुने भन्दै संविधानलाई परिस्कृत बनाउने क्रममा संशोधन आवश्यकपर्ने बताउनुभयो। उहाँले संविधान संशोधनको विषयमा दलहरुबचि आपसी छलफल गरी सहमतिका आधारमा गरिने भएकाले तत्काल संशोधन हुन सहज नभएको उल्लेख गर्नुभयो।

**टेक्ससमा पनि महावाणिज्यदूतावास खोल्न माग**

यसैगरी नेपाली सोसाइटी अफ टेक्सस र नेप्लिज अर्गनाइजेशन अफ टेक्सस एण्ड सायदेन युनाइटेड स्टेट्सले प्रधानमन्त्री ओलीलाई भेटेर टेक्ससमा पनि नेपाली महावाणिज्यदूतावास खोल्न माग गरेका छन् । ती संस्थाले त्यहाँ कन्सुलर कार्यालय खोल्नका लागि निःशुल्क कार्यालय उपलब्ध गराउने अवगत गराएका छन्। प्रधानमन्त्री ओलीले त्यसबारे आवश्यक छलफल गर्ने बताउनुभएको थियो।

**नेपालमा क्यानाडाको दूतावास खोल्न पहल गर्न आग्रह**

यसैगरी क्यानडामा रहेका नेपाली समुदायका प्रतिनिधिले प्रधानमन्त्री ओलीलाई भेटेर नेपालमा क्यानाडाको दूतावास खोल्न पहल गर्न आग्रह गरेका छन्। हाल भारतमा गएर नेपालीले क्यानाडाको प्रवेशाज्ञा लिनुपर्नेलगायत समस्या भएकाले नेपालमा दूतावास खोल्नुपर्ने उनीहरुको आग्रह थियो।रासस

# लुम्बिनी प्रदेश राजधानीको प्रशासनिक पूर्वाधार निर्माण तीव्र गतिमा

लुम्बिनी । लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यका देउखुरीमा प्रशासनिक पूर्वाधार संरचना निर्माण तीव्र गतिमा भइरहेको छ । प्रदेश गौरवको आयोजनाका रुपमा प्रशासनिक पूर्वाधार निर्माण सुरु भएको दुई वर्ष नपुग्दै ५० प्रतिशत बढी भौतिक प्रगति भएको छ।

विसं २०७९ फागुन ३ गते लुम्बिनी प्रदेश सरकार स्थापना दिवसको अवसर पारेर प्रशासनिक भवनको तत्कालीन मुख्यमन्त्री लिला गिरीले शिलान्यास गर्नुभएको थियो । निर्माणाधीन प्रशासनिक भवनबाट प्रदेशको सम्पूर्ण प्रशासनिक कामकाज सञ्चालन हुने जनाइएको छ । मन्त्रालय, विभाग, निर्देशनालयहरु, मातहतका अन्य कार्यालयहरुले एकै थलोबाट सेवा प्रवाह गर्नेछन्।

यसबाट नागरिकहरुलाई प्रादेशिक सरकारको अनुभूति हुने स्थानीय बासिन्दा भरतमणि न्यौपाने बताउनुहुन्छ। "बलियो प्रदेश बनाउन आफ्नै संरचना चाहिन्छ । नयाँ दृष्टिकोणसहित प्रदेशको प्रशासनिक कामलाई चुस्त र सबैको पहुँचमा पुऱ्याउन सुविधा सम्पन्न प्रशासनिक केन्द्र आवश्यक पर्दोरहेछ", उहाँले भन्नुभयो, "डेढ वर्षमा भएको भौतिक प्रगति राम्रो छ।"

हालसम्म ५६ प्रतिशत भौतिक र ४५ प्रतिशत वित्तीय प्रगति हासिल भएको प्रदेश राजधानी कार्यान्वयन एकाइले जनाएको छ । अब एक वर्षभित्र प्रदेश सरकारलाई भवन हस्तान्तरण गर्ने गरी निर्माण भइरहेको छ। १९ बिगाह क्षेत्रफलमा प्रदेशको प्रशासनिक केन्द्र फैलिएको छ । प्रदेशसभा र प्रदेश प्रशासनिक केन्द्र एकै थलोमा छन्। प्रदेश सरकारको प्रशासनिक केन्द्र एउटै परिसरभित्र स्थापना गर्ने, भौतिक संरचना



मण्डला आकारमा हुने र त्यसले सेवा प्रवाहमा एकरुपता प्रदान गर्ने विश्वास गरिएको छ।

अबको एक वर्षभित्र नयाँ भवनबाट प्रशासनिक कामकाज सुरु गर्ने लक्ष्य रहेको मुख्यमन्त्री चेतनारायण आचार्यले बताउनुभयो । "अहिले जहाँ जे छन्, त्यसैगरी चल्छन् । नयाँ संरचना सरकारलाई हस्तान्तरण भएपछि सारिनुपर्ने कार्यालयहरु नयाँ प्रशासनिक भवनमा सारिनेछ", उहाँले भन्नुभयो, "एकै ठाउँबाट प्रशासनिक काम हुँदा सेवा लिने र सेवा दिनेलाई सजिलो हुन्छ । यसले प्रदेशको कार्यसम्पादनमा नयाँ गति मिल्ने विश्वास गरेका छौँ ।" मुख्यमन्त्री आचार्यले समयमै निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन पनि दिनुभएको छ। एउटै हाताभित्र निर्माण हुने सरकारका प्रशासनिक भवन मुलुककै नमूनायोग्य हुने र यसले प्रदेशको प्रशासनिक कामकाजलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास उहाँको छ।

एउटै हाताभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १० वटा भव्य प्रशासनिक भवन निर्माण भइरहेको प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन एकाइले जानकारी दिएको छ । कार्यालयका इन्जिनियर तथा सूचना अधिकारी प्रदीप भट्टराईले निर्धारित समयमै निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको बताउनुभयो । अहिले भवनको बाहिरी र भित्री भाग 'फिनिसिङ्'को काम भइरहेको उहाँले बताउनुभयो ।निर्माणाधीन भवनमध्ये मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयभवन छतलाको हुनेछ। जसमा मुख्यमन्त्री, प्रमुख सचिव कार्यकक्ष, बैठक कक्ष र बहुउद्देश्यीय हलसहित ९६ कोठा रहनेछन् । जसमा दुईवटा 'लिफ्ट' रहनेछन् भने भुइँतला अपाङ्ग मैत्री हुनेछ।

मण्डला आकारमा निर्मित मन्त्रालयका प्रशासनिक भवनले मुलुकमै फरक पहिचान स्थापना गर्ने विश्वास इन्जिनियर भट्टराईको छ। अन्य नौवटा मन्त्रालयका भवनहरू पाँच तलाका हुनेछन्। हरेक भवनमा ५४ वटा कोठा हुनेछन् । सम्पूर्ण भवनमा लिफ्ट, अपाङ्ग मैत्री, 'अन्डरग्राउन्ड पार्किङ'को व्यवस्था हुनेछ । भ्याटबाहेक रु तीन अर्ब नौ करोडको लागतमा निर्माण हुने संरचनाअन्तर्गत सडक सञ्जाल, बगैँचा निर्माणका आयोजना समेटिएका छन् ।रासस

# श्रीलङ्काका लागि प्रस्तावित राजदूतको नाम अस्वीकृत

काठमाण्डु । सङ्घीय संसद्, संसदीय सुनुवाइ समितिले श्रीलङ्काका लागि प्रस्तावित राजदूत रामकृष्ण भट्टराईको नाम अस्वीकृत गरेको छ। समितिको मंगलबारको बैठकले प्रस्तावित राजदूत भट्टराईको नियुक्तिका लागि आवश्यक शैक्षिक योग्यतासम्बन्धी

प्रस्तावित राजदूतको उक्त निवेदनलाई समेत आधार मानेर समितिले नाम अस्वीकृत गरेको समिति सदस्य श्याम घिमिरेले जानकारी दिनुभयो।

"राजदूत नियुक्तिसम्बन्धी निर्देशिकाअनुसार आवश्यक कागजात उपलब्ध गराउन



कागजात उपलब्ध नभएको र प्रस्तावित व्यक्ति स्वयम्ले नाम फिर्ता लिन निवेदन दिएकाले उहाँको नाम सर्वसम्मतिबाट अस्वीकृत गरेको हो।

यसअघि मंगलबारै प्रस्तावित राजदूत भट्टराईले आफ्नो नियुक्ति प्रक्रिया अघि नबढाउन समितिमा निवेदन दिनुभएको थियो। प्रस्तावित राजदूत भट्टराईका विषयमा निर्णयमा पुग्नु अघि समितिले उहाँसँग स्नातक तहको शैक्षिक योग्यताको प्रमाणपत्र माग गरेको थियो।

असमर्थ भएका हुँदा मैले आफ्नो उम्मेदारी फिर्ता लिएको छु भन्ने उहाँको निवेदनलाई आधार बनाएर नै अस्वीकृत गरिएको हो", उहाँले भन्नुभयो।

समितिले राजदूतलगायत राजनीतिक नियुक्तिका पदमा सिफारिस गर्दा समावेशी सिद्धान्तलाई आत्मसात् गर्न सरकारलाई निर्देशन दिएको छ। समितिले त्यस्ता व्यक्तिको योग्यता तथा आचरणका सम्बन्धमा सिफारिसअघि नै ख्याल गर्न पनि सरकारलाई ध्यानाकर्षण गराएको छ।रासस

# त्रिशूली थ्री बी सबस्टेशनको काम चाँडो पूरा गर्न ऊर्जामन्त्रीको निर्देशन



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले त्रिशूली थ्री बी हब २२०/१३२/३३ केभी सबस्टेशन तथा प्रसारण लाइनको काम चाँडो सम्पन्न गर्न निर्देशन दिनुभएको छ । उक्त सबस्टेशनको मंगलबार स्थलगत निरीक्षण गर्दै उहाँले प्रसारण लाइन विस्तारका क्रममा उत्पन्न समस्या समाधान गरी चाँडो काम पूरा गर्न निर्देशन दिनुभएको हो।

ऊर्जामन्त्री खड्काले प्रसारण लाइन विस्तारको काम ढिलाइ हुँदा राज्यले दैनिक ठूलो घाटा व्यहोर्नु परेको भन्दै जनशक्ति थप गरेर भए पनि चाँडो काम सम्पन्न गर्न निर्देशन दिनुभयो । "सब स्टेशन निर्माण र चिलिमे जलविद्युत् आयोजनाबाट त्रिशूली थ्री बी हब सबस्टेशनमा ल्याउनका लागि निर्माण गरिएको प्रसारण लाइन चाँडो सम्पन्न गर्नेगरी काम गर्नुहोस्,"- ऊर्जामन्त्री खड्काले भन्नुभयो । त्रिशूली थ्री बी हब २२०/१३२/३३ केभी सबस्टेशनको काम अन्तिम चरणमा छभने चिलिमेबाट उक्त सबस्टेशनमा जोड्ने प्रसारण लाइनको काम मैलुङ क्षेत्रमा रोकिएको छ।

यसैबीच, मंगलबारै मन्त्री खड्काले रसुवाको उत्तरगया गाउँपालिकामा रहेको त्रिशूली थ्री ए जलविद्युत् आयोजनाको निरीक्षण गर्नुभएको छ। ऊर्जामन्त्री खड्कासँगै रसुवाका प्रतिनिधिसभा सदस्य मोहन आचार्य, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, सोही मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको निरीक्षण गर्नुभएको थियो।रासस

**भुमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

जि.ध. साविक गा.वि.स. रमदैया भवाडी वडा नं.४ हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. १ बस्ने नथुनी यादवको नाती दुखिया यादवको छोरा मनेजर यादवले मेरो नाउँमा तपसिल बमोजिमको जग्गामा यस कार्यालयको जग्गाधनी श्रेस्तामा मिति २०७५/११/१९ मा राजिनामाको मीठ भिडेको हुदाँ सोको कट्टा गरी पाउँ भने व्यहोराको माग निवेदन भएको र उक्त जग्गा निजले भोगचलन गरिदै आएको भनी क्षिरेश्वरनाथ नगरपालिका वडा नं १ को च.न १७४७ मिति २०८१/०३/०४ गतेको वडा सिफारिस भै आएको।

यसमा निवेदकको माँग दाबी अनुसारको ज.ध. श्रेस्तामा मिति २०७५/११/१९ राजिनामा मोठ भिडेको कट्टा गरिदिएमा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा निवेदक बाहेक अन्य कोही व्यक्तिको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दाबी उजुरी गर्न यस कार्यालयमा आउनु होला। सुचनाको म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएमा कानून अमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं | क्षे.फ. |
|---|---|---|---|---|
| धनुषा | रमदैया भवाडी | १ | ४९१ | ०-३-०-० |

# विश्वव्यापी विभाजन, तीन युद्ध र सम्भावित मध्यपूर्व सङ्घर्षको छायाँमा विश्व नेताहरू भेला हुँदै

एपी

संयुक्त राष्ट्रसङ्घ । बढ्दो वैश्विक विभाजन, गाजा, युक्रेन र सुडानमा भइरहेका ठूला युद्धहरू र मध्यपूर्वमा अझ ठूलो द्वन्द्वको खतराको छायाँमा विश्व नेताहरूले मङ्गलबार संयुक्त राष्ट्रसङ्घको महासभामा आफ्नो वार्षिक बैठक सुरु गर्दैछन् ।



राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आइतबारको 'भविष्यको शिखर सम्मेलन' मा राष्ट्रपति, प्रधानमन्त्री, राजा र मन्त्रीहरूलाई आफ्नो प्रारम्भिक 'स्टेट अफ द वर्ल्ड' भाषणको पूर्वावलोकन गर्दै भन्नुभयो, "हाम्रो संसार लिकबाट हटिरहेको छ र हामीलाई पुनः लिकमा फर्कन कठोर निर्णयहरूको आवश्यकता छ ।"उहाँले 'मध्यपूर्वदेखि युक्रेन र सुडानसम्म भड्किरहेका र बढ्दै गएका द्वन्द्वहरूको अन्त्य देखिँदैन' भन्नुभयो । उहाँले विश्वव्यापी सुरक्षा प्रणाली 'भू-राजनीतिक विभाजन, आणविक शक्ति प्रदर्शन तथा नयाँ हतियार र युद्धका मैदानहरूको वृद्धिले धम्की' मा परेको बताउनुभयो ।

महासचिव गुटेरेसले असमानता, उदीयमान अस्तित्वको खतरामा प्रतिक्रिया दिन प्रभावकारी विश्वव्यापी प्रणालीको अभाव र जलवायु परिवर्तनको विनाशकारी प्रभावबारे पनि चर्चा गर्नुभयो । मङ्गलबार उद्घाटन हुने महासभाको उल्लेखनीय क्षणमा अमेरिकी राष्ट्रपति जो बाइडेनको सम्भवतः विश्व मञ्चमा अन्तिम प्रमुख उपस्थिति हुनेछ । राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले गत साता पत्रकारहरूलाई करिब दुई अर्ब मानिस द्वन्द्व प्रभावित क्षेत्रहरूमा बसोबास गर्ने भन्दै महासभामा अमेरिकाको ध्यान 'युद्ध सङ्कट' अन्त्य गर्नेमा केन्द्रित हुने बताउनुभयो ।

तर उहाँले भन्नुभयो, "विश्वभरका सबैभन्दा कमजोर मानिसहरूले हामीले प्रगति गर्ने, परिवर्तन ल्याउने र उनीहरूका लागि आशाको भावना ल्याउने कुरामा भरोसा गरिरहेका छन् ।"उद्घाटनको दिन अन्य वक्ताहरूमा ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा, टर्कीएका राष्ट्रपति रेसेप तैयप एर्दोगान, जोर्डनका राजा अब्दुल्लाह द्वितीय र इरानका नयाँ राष्ट्रपति मसुद पेजेस्कियान सहभागी हुनुहुनेछ ।

इरानी राष्ट्रपति पेजेस्कियानले सोमबार इजरायलमाथि मध्यपूर्वमा व्यापक युद्ध खोज्न र आफ्नो मुलुकलाई विस्तृत द्वन्द्वमा लैजान ' जाल' थापेको आरोप लगाउनुभयो । उहाँले इजरायललाई दोष दिँदै गत साता लेबनानमा पेजर, वाकी-टाकी र अन्य विद्युतीय उपकरणहरूको घातक विस्फोटतर्फ सङ्केत गर्नुभयो । साथै उहाँले आफ्नो सपथ ग्रहणको केही घन्टापछि जुलाई ३१ मा तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानियाको हत्यालाई पनि सङ्केत गर्नुभयो । उहाँले भन्नुभयो, "हामी लड्न चाहन्नौँ, इजरायलले सबैलाई युद्धमा तान्न र यस क्षेत्रलाई अस्थिर बनाउन चाहन्छ, तिनीहरूले हामीले नचाहेको विन्दुमा हामीलाई तानिरहेका छन् ।" इरानले गाजामा हमास र लेबनानका हिजबुल्लाह लडाकूहरू दुवैलाई समर्थन गर्दछ ।

अन्तर्राष्ट्रिय उद्धार समितिका अध्यक्ष डेभिड मिलिबान्डले संयुक्त राष्ट्रसङ्घ स्थापना भएको सन् १९४५ मा सान फ्रान्सिस्कोमा आयोजित सम्मेलनलाई सम्झनुभयो । तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले प्रतिनिधिहरूलाई 'शक्ति नै अधिकार हो' भन्ने मान्यतालाई अस्वीकार गर्न र त्यसलाई उल्ट्याएर 'अधिकार नै शक्ति हो' बनाउन आग्रह गर्नुभएको थियो र यसलाई राष्ट्रसङ्घको बडापत्रमा समावेश गरिएको थियो । मिलिबान्डले भन्नुभयो, "करिब ८० वर्षपछि हामीले यो समीकरणलाई उल्ट्याउन नसक्दाको भयानक परिणाम देखेका छौँ । गाजा, सुडान र युक्रेनजस्ता सन्दर्भहरूमा शक्तिले नै अधिकार बनाइरहेको छ ।"

बढ्दो वैश्विक मानवीय आवश्यकता, अनियन्त्रित द्वन्द्व, अनियन्त्रित जलवायु परिवर्तन र बढ्दो चरम गरिबीको सामना गर्दै मिलिबान्डले विश्व नेताहरूलाई चुनौती दिँदै प्रश्न गर्नुभयो, "आगामी ८० वर्षका लागि संयुक्त राष्ट्रसङ्घको बडापत्रका सिद्धान्तहरूलाई तपाईंहरू कसरी कमजोर नभई बलियो बनाउनुहुन्छ ?"दुई दिवसीय ' भविष्यको शिखर सम्मेलन' पछि आयोजना भएको महासभाको वार्षिक बैठक सेप्टेम्बर ३० मा समाप्त हुन्छ । 'भविष्यको शिखर सम्मेलन' ले विश्वका बढ्दो विभाजित मुलुकहरूलाई २१औँ शताब्दीका द्वन्द्वदेखि जलवायु परिवर्तन, कृत्रिम बौद्धिकता (एआई) र महिला अधिकारसम्मका चुनौतीहरूको सामना गर्न एकजुट गर्ने लक्ष्यसहितको खाका अपनाएको थियो ।

बयालीस पृष्ठको 'भविष्यका लागि सम्झौता' ले राष्ट्रसङ्घका एक सय ९३ सदस्य मुलुकका नेताहरूलाई प्रतिज्ञाहरूलाई वास्तविक काममा परिणत गर्न चुनौती दिन्छ । यसले विश्वका आठ अर्बभन्दा बढी मानिसको जीवनमा परिवर्तन ल्याउँछ ।"हामी बहुपक्षवादलाई विनाशको किनारबाट फर्काउन यहाँ भेला भएका छौँ", महासचिव गुटेरेसले भन्नुभयो । उहाँले सम्झौतालाई ग्रहण गरेर नेताहरूले ढोका खोलेको बताउनुभयो । "अब यसमार्फत हिँड्नु हाम्रो साझा नियति हो, यसले सहमतिको मात्र नभई कामको पनि माग गर्दछ ।"

गत वर्षको राष्ट्रसङ्घीय वैश्विक भेलामा युक्रेन र त्यसका राष्ट्रपति भोलोदिमर जेलेन्स्की केन्द्रीय स्थानमा हुनुहुन्थ्यो । तर अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासको घातक आक्रमणको पहिलो वार्षिकोत्सव नजिकिँदै गर्दा गाजामा भइरहेको युद्ध र इजरायल-लेबनान सीमामा बढ्दो हिंसामा ध्यान केन्द्रित हुने निश्चित छ । हिंसा अहिले पूरै मध्यपूर्वमा फैलिन खतरामा छ । प्यालेस्टिनी राष्ट्रपति मोहम्मद अब्बासले बिहीबार बिहान र इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले बिहीबार अपराह्न बोल्ने कार्यक्रम छ ।

# महिला लिग फुटबलमा आर्मी विजयी



काठमाण्डु । राजधानीमा जारी एन्फा महिला लिग फुटबल प्रतियोगितामा चन्द्रा भण्डारीको 'ह्याट्रिक'मा वालिङ नगरपालिकालाई पराजित गर्दै त्रिभुवन आर्मी क्लब विजयी भएको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मंगलबार भएको खेलमा आर्मीले वालिङ नगरपालिकालाई ८-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । आर्मीका लागि चन्द्राका साथै विमला विक र अमिशा कार्कीले समान दुई-दुई गोल गरे भने एक आत्मघाती गोल भएको थियो ।खेलको ३८औँ मिनेटमा विमलाले गोल गर्दै आर्मीलाई सुरुआती अग्रता दिलाइन् । त्यसपछि खेलको ४२ औँ मिनेटमा चन्द्राले गोल गर्दै आर्मीको अग्रता दोब्बर बनाइन् ।

उनले गोल गरेको दुई मिनेट बित्न नपाउँदै वालिङ नगरपालिकाकी खेलाडीले आत्मघाती गोल गरिन् ।

खेलको पहिलो हाफमा ३-० गोलअन्तरले अगाडि रहेको आर्मीले खेलको दोस्रो हाफमा पाँच गोल थप्यो । खेलको ५४औँ मिनेटमा चन्द्राले व्यक्तिगत दोस्रो गोल गरिन् भने उनैले खेलको ७३औँ मिनेटमा एक गोल थप्दै ह्याट्रिक पूरा गरिन् । त्यसैगरी, अमिशा कार्कीले ६१औँ र ७१औँ मिनेटमा गोल गरिन् । विमलाले खेलको ९०औँ मिनेटमा व्यक्तिगत दोस्रो गोल गरिन् । खेलमा चन्द्रा 'प्लेयर अफ दी म्याच'समेत घोषित भइन् ।

जितसँगै आर्मीले आठ खेलबाट १९ अङ्क जोड्दै अङ्क तलिकाको दोस्रो स्थानमा रहेको छ । समान आठ खेल खेलेको वालिङ १२ अङ्कका साथ अङ्क तालिकाको चौथो स्थानमा छ । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को आयोजनामा जारी उक्त प्रतियोगितामा विभिन्न दश टोलीको सहभागिता रहेको छ ।रासस

# पोपद्वारा सु कीलाई शरण दिने प्रस्ताव

एएफपी

भ्याटिकन सिटी । पोप फ्रान्सिसले हिरासतमा रहनुभएकी म्यान्माकी पूर्वनेता आङ सान सु कीलाई भ्याटिकन क्षेत्रमा शरण दिने प्रस्ताव गर्नुभएको इटालेली सञ्चारमाध्यमले मङ्गलबार बताएको छ ।

"मैले आङ सान सु कीको रिहाइको माग गरेँ र रोममा उहाँको छोरालाई भेटेँ, मैले उहाँलाई हाम्रो क्षेत्रमा शरण दिनका लागि भ्याटिकनलाई प्रस्ताव गरेको छु", पोपले यसै महिनाको सुरुमा एसियाको भ्रमणका क्रममा जेसुइट (रोयल क्याथोलिक समाजका सदस्य) हरूसँगको बैठकको विवरणअनुसार भन्नुभयो । कोरिएरे डेला सेरा दैनिकले प्रकाशित गरेको इटालेली पादरी एन्टोनियो स्पाडारको लेखमा सेप्टेम्बर २ देखि सेप्टेम्बर १३ सम्म इन्डोनेसिया, पूर्वी टिमोर र सिङ्गापुरमा भएका यी निजी बैठकहरूका अंश दिइएको छ ।

"हामी म्यान्माको अवस्थाबारे चुप लागेर बस्न सक्तैनौँ, हामीले केही गर्नुपर्छ", पोपले भन्नुभयो, "तपाईंको देशको भविष्य शान्तिपूर्ण हुनुपर्छ, सबैको मर्यादा र अधिकारको सम्मान तथा सामान्य हितमा योगदान दिन सबैलाई सक्षम बनाउने लोकतान्त्रिक प्रणालीको सम्मानमा आधारितहुनुपर्छ ।"भ्रष्टाचारदेखि कोभिड महामारी प्रतिबन्धको सम्मान नगरेको जस्ता आरोपहरूमा ७८ वर्षीया सु कीले २७ वर्षको जेल सजाय भोग्दै हुनुहुन्छ ।

सन् २०१५ मा उहाँको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) ले म्यान्माको २५ वर्षपछि भएको पहिलो लोकतान्त्रिक निर्वाचन जितेको थियो । सन् २०२१ मा सैन्य कू हुँदा उहाँलाई पक्राउ गरिएको थियो र स्थानीय सञ्चारमाध्यमका अनुसार हिरासतमा उहाँ स्वास्थ्य समस्याबाट पीडित हुनुहुन्छ ।



सन् १९९१ को नोबेल शान्ति पुरस्कार विजेता सु कीलाई कुनै समय मानवाधिकारको प्रतीकका रूपमा प्रशंसा गरिन्थ्यो ।

तर सन् २०१७ मा मुलुकको मुख्य रूपमा रोहिङ्ग्या अल्पसङ्‌ख्यकमाथि सेनाको दमन रोक्न केही नगरेको आरोप लागेपछि उहाँ अन्तर्राष्ट्रिय समर्थकहरूको नजरमा बदनाम हुनुभयो ।

छिमेकी मुलुक बङ्गलादेशमा रोहिङ्ग्या शरणार्थीहरूका अनुसार यो दमन संयुक्त राष्ट्रसङ्घको चलिरहेको नरसंहारको विषय हो र उत्पीडन अहिले पनि जारी छ । मुख्य रूपमा बौद्ध धर्मावलम्बी म्यान्मा सन् २०२१ को कूदेखि अशान्त छ । यहाँ जुन्ता सरकार स्थापित जातीय विद्रोही समूहहरू र नयाँ प्रजातन्त्र समर्थक शक्तिहरू दुवैसँग लडिरहेको छ ।

# लेबनानको हिजबुल्लाह गढमा भएको इजरायली आक्रमणमा ४९२ को मृत्यु

एएफपी

बेरुत ।लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार सोमबार भएको इजरायली आक्रमणमा लेबनानमा ३५ बालबालिकासहित कम्तीमा चार सय ९२ जनाको मृत्यु भएको छ।। यो अक्टोबर ७ मा गाजामा युद्ध सुरु भएयता सीमापार हिंसाको सबैभन्दा घातक दिन थियो ।

अरब मुलुकहरूले करिब एक वर्षयता नदेखिएको स्तरमा तीव्र भएको हिजबुल्लाहसँगको बढ्दो शत्रुताका लागि इजरायलको कडा निन्दा गरेका छन् ।हमास र अन्य प्यालेस्टिनी लडाकूहरूले हिजबुल्लाह र इरान समर्थित अन्य समूहलाई समावेश गर्दै इजरायलमाथि अक्टोबर ७ मा आक्रमण गरेपछि युद्ध सुरु भएको हो । इजरायलले दक्षिणी पूर्वी लेबनानका करिब एक हजार छ सय स्थानमा आक्रमण गर्दा 'ठूलो सङ्‌ख्यामा' हिजबुल्लाहका लडाकूहरू मारिएको बताएको छ। यसमा बेरुतमा 'लक्षित आक्रमण' पनि समावेश थियो । इजरायली सेनाले यसलाई 'अपरेसन नर्दन एरो' भनेको थियो ।

हिजबुल्लाहले उसको तेस्रो वरियताको कमान्डर अली कराके जीवित रहेको बताएको छ । स्रोतका अनुसार राजधानीमा भएको आक्रमणले उनलाई लक्षित गरेको बताएपछि सुरक्षित स्थानमा गएका छन् । सरकारी सञ्चार माध्यमले पूर्वी लेबनानामा नयाँ आक्रमणहरूको खबर दिएपछि हिजबुल्लाहले मङ्गलबार बिहान इजरायली सैन्य ठेगानाहरूमा ' मिसाइलहरूको वर्षा' गरेको बतायो ।



इजरायलको तटीय सहर हाइफामा सोमबार हवाई आक्रमणको साइरन बज्दा मानिसहरूलाई आश्रयस्थलतर्फ दौडिरहेको देखिएको थियो । लेबनानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा ३५ बालबालिका र ५८ महिलासहित

> हिजबुल्लाहले उसको तेस्रो वरियताको कमान्डर अली कराके जीवित रहेको बताएको छ । स्रोतका अनुसार राजधानीमा भएको आक्रमणले उनलाई लक्षित गरेको बताएपछि सुरक्षित स्थानमा गएका छन् ।

चार सय ९२ जनाको मृत्यु भएको र एक हजार छ सय ४५ जना घाइते भएको जानकारी दिएको छ । स्वास्थ्यमन्त्री फिरास अबियादले ' हजारौँ परिवार' विस्थापित भएको बताउनुभयो । पूर्वी लेबनानको प्राचीन सहर बाल्बेक नजिकै भएका विस्फोटहरूले आकाशमा धुवाँको मुस्लो उडाएको थियो ।

हिजबुल्लाहका लागि सबैभन्दा कठिन साता

हिंसा इजरायलको गाजासँगको दक्षिणी सीमाबाट लेबनानसँगको उत्तरी सीमातर्फ सरेपछि विश्वका शक्तिशाली मुलुकहरूले इजरायल र हिजबुल्लाहलाई पूर्ण युद्धको अवस्थाबाट पछि हट्न आग्रह गरेका छन् ।

फ्रान्स र इजिप्टले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्लाई हस्तक्षेप गर्न आह्वान गरेका छन् भने इराकले न्युयोर्कमा राष्ट्रसङ्घीय महासभा बैठक भइरहेका बेला अरब मुलुकहरूको बैठक तत्काल बोलाउन अनुरोध गरेको छ ।

इजरायलका सेना प्रमुख हेर्जी हालेभीले आक्रमणहरूले हिजबुल्लाहले दुई दशकदेखि निर्माण गर्दै आएको लडाकू पूर्वाधारलाई प्रहार गरेको बताउनुभयो ।

इजरायली रक्षामन्त्री योभ ग्यालेन्टले सोमबारको अभियानलाई 'महत्त्वपूर्ण शिखर' भन्नुभएको छ। "यो हिजबुल्लाहको स्थापनादेखि नै सबैभन्दा कठिन साता हो- परिणामले आफैँ बताइरहेको छ", उहाँले भन्नुभयो, "साताको सुरुमा गरिएका गतिविधिहरूको परिणामस्वरूप धेरै आतङ्कवादी घाइते हुँदा सम्पूर्ण एकाइ युद्धबाट बाहिरिए ।"इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले इजरायलले उत्तरमा 'सुरक्षा सन्तुलन' परिवर्तन गर्ने काम गरिरहेको बताउनुभयो ।

# श्रीलङ्काको नयाँ वामपन्थी सरकारसँग वार्ता गर्न आइएमएफ तयार

एएफपी

कोलम्बो । अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) का प्रवक्ताले श्रीलङ्काका लागि आफ्नो विवादास्पद दुई अर्ब ९० करोड डलरको उद्धार कार्यक्रमबारे मुलुकको नयाँ सरकारसँग छलफल गर्न तयार रहेको बताएका छन् ।

सोमबार मुलुकको पहिलो वामपन्थी राष्ट्रपतिका रूपमा सपथ लिनुभएका अनुरा कुमारा दिसानायकाले अलोकप्रिय कटौती उपायहरू ल्याएको उक्त सम्झौताबारे पुनः वार्ता गर्न चाहेको बताउनुभएको थियो । "श्रीलङ्कालाई आर्थिक पुनरुत्थानको मार्गमा लैजान सहयोग गरेको कठोर परिश्रमबाट हासिल गरिएका उपलब्धिहरूलाई आफ्नो पिपुल्स लिबरेसन फ्रन्ट पार्टीले सम्झौताई 'नच्यात्ने' बताउनुभयो । "हामी आइएमएफ कार्यक्रमलाई च्यात्दैनौँ, यो बाध्यकारी दस्तावेज हो तर पुनः वार्ता गर्ने प्रावधान छ", उहाँले भन्नुभयो ।दिसानायकाले पदभार ग्रहण गर्नुभएको दिन सोमबार श्रीलङ्काको सानो सेयरमा बजार कारोबारको पहिलो केही मिनेटमै तीव्र गिरावट आयो तर चाँडै यसमा सुधार भयो र दिनको अन्त्यमा मुख्य सबै सेयर सूचकाङ्क एक दशमलव १९ प्रतिशतले बढ्यो ।

दिसानायकाले आफ्ना पूर्ववर्ती रनिल विक्रमासिङ्घेले दोब्बर बनाउनुभएको आयकरलाई घटाउने र खाद्यान्न तथा औषधि



अगाडि बढाउने दिशामा हामी राष्ट्रपति दिसानायकासँग मिलेर काम गर्न तयार छौँ", वासिङ्टनस्थित आइएमएफका एक प्रवक्ताले उद्धार कार्यक्रमको आवधिक समीक्षालाई सन्दर्भ गर्दै सोमबार भने, "हामी नयाँ सरकारसँग आइएमएफ-समर्थित कार्यक्रमको तेस्रो समीक्षाको समयबारे सकेसम्म चाँडै छलफल गर्नेछौँ ।"

निर्वाचनको एक दिनपछि नयाँ राष्ट्रपतिका वरिष्ठ सहयोगी विमल रत्नायकेले बिक्री कर पनि कटौती गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । रत्नायकेले भन्नुभयो, "हामी ती कटौतीहरूलाई कार्यक्रममा समावेश गर्न र चार वर्षे उद्धार कार्यक्रमलाई निरन्तरता दिन सक्छौँ भन्ने हामीलाई लागेको छ।"दिसानायकाकाप्रतिद्वन्द्वीहरूले उहाँको मार्क्सवादी पार्टीले आइएमएफ कार्यक्रमलाई रद्द गर्ने र मुलुकलाई सन् २०२२ को अराजकताजस्तै आर्थिक सङ्कटमा धकेल्ने आशङ्का व्यक्त गरेका थिए ।

# सिमेन्टमा जमेको अवस्थामा १६ वर्षपछि दक्षिण कोरियाली महिलाको शव फेला

एएफपी

सोल । दक्षिण कोरियाली एक पुरुषले १६ वर्षअघि आफ्नी प्रेमिकाको हत्या गरेको र उनको शवलाई आफ्नो बालकोनीमा सिमेन्टको तहमुनि गाडेको स्वीकार गरेपछि उनलाई पक्राउ गरिएको प्रहरीले मङ्गलबार बताएको छ ।

ग्योङ्गनाम प्रान्तीय प्रहरी र गेओजे प्रहरी चौकीका अनुसार हाल ५० वर्ष उमेरका ती पुरुषलाई सन् २००८ अक्टोबरमा एउटा झगडाका क्रममा महिलाको हत्या गरेको आरोप लगाइएको छ । प्रहरीका अनुसार उनले महिलालाई कुनै भुत्ते हतियारले प्रहार गरी हत्या गरे र उनको शरीरलाई एउटा ठूलो यात्रा झोलामा राखे ।त्यसपछि उनले शवलाई आफ्नो बालकोनीमा इँटा थुपारेर १० सेन्टिमिटर मोटो सिमेन्टको तह खन्याएर लुकाए । ती महिला आफ्नै परिवारसँग सम्पर्कमा नभएकाले तीन वर्षपछि मात्र हराएको रिपोर्ट गरिएको थियो ।

सन् २०११ को हराएको व्यक्तिको जाँचका क्रममा ती पुरुषले प्रहरीलाई उनीहरूको 'ब्रेकअप' भएको बताएका थिए र प्रमाणको अभावमा मुद्दा सुल्झिएको थिएन ।शवलाई सानो बालकोनीको स्थानमा फिट गरिएको र त्यो कोठा 'सन् २०१६ देखि लगभग खाली' रहेकाले शवको खोजी पहिले नगरिएको एक प्रहरी अधिकारीले पत्रकारहरूलाई बताए ।

त्यस वर्ष अपराधीलाई लागूऔषध प्रयोग गरेको आरोपमा पक्राउ गरिएको थियो र घरधनीले उक्त सम्पत्ति भण्डारण स्थानका रूपमा प्रयोग गरिएको बताएका थिए । गत महिना पानी चुहावटको खोजी गर्दा एक कामदारले यात्रा झोला फेला पारेपछि शव फेला परेको थियो ।

निरीक्षण गर्दा प्रहरीले महिलाको शव 'केही हदसम्म संरक्षित' भएको पाएको थियो ।"शरीर पूरै रूपमा हाडखोरमा परिणत नभएकाले हामीले औँठाछापमार्फत उनको पहिचान गर्न सक्यौँ", प्रहरीले भनेको छ ।

# खेतमा झुल्यो लहलह धान



चितवन । नगरपालिकाको पहाडी गाउँ घुमेर कार्यालय आइपुग्नुभएका कालिका नगर प्रमुख विनोद रेग्मीले चेपाङ गाउँका खेतबारीमा लहलह धान फलेकामा खुसी व्यक्त गर्नुभएको छ। प्रमुख रेग्मीको नेतृत्वको टोलीले लोपोन्मुख चेपाङ समुदायको बाहुल्यता रहेको तीनवटा वडाका जनतासँग प्रत्यक्ष भेटघाटपछि चेपाङ बस्तीमा धानका बाला झुली परिवर्तन आएकामा खुसी व्यक्त गरेको हो।

चितवन जिल्लाको कालिका नगरपालिकाअन्तर्गत पहाडी क्षेत्रका तीनवटा वडामा चेपाङ समुदायको बाहुल्यता छ। त्यहाँ बसोबास गर्ने अधिकांश घरपरिवारलाई वर्षमा तीन महिनाभन्दा बढी आफ्नै बारीको उत्पादनले खान पुग्दैन। पछिल्ला दिनमा नगरपालिकाले उत्प्रेरणा र सहयोग गरेपछि आत्मनिर्भर हुनका लागि पहाडी गाउँका चेपाङ समुदाय कृषि कर्ममा जुट्ने गरेका छन्। प्रमुख रेग्मीले भन्नुभयो, "पहिला बाँझो रहने पाखो बारीमा अहिले सिँचाइको व्यवस्था भएसँगै धानका बाला झुलेका छन्, लोपोन्मुख चेपाङ बस्तीमा यस्तो देख्दा आनन्दको अनुभव हुन्छ।"

कालिका नगरपालिका-९, १० र ११ मा चेपाङ समुदायको उल्लेख्य बस्ती छ। ती बस्तीमा यदाकदा धान देखिए पनि धेरै बारी बाँझो हुन्थे। पछिल्ला दिनमा पानीको व्यवस्था गरी ती बारीमा धान बाली लगाउन थालेपछि स्थानीय जनताको जीवनस्तर सुधार भएको पाइन्छ। कालिका नगरपालिका-११ का वडाध्यक्ष कृष्णबहादुर प्रजा गाउँमा खेती किसानीमा ध्यान दिने बढेको बताउनुहुन्छ। नगरपालिकाले विभिन्न किसिमका तालिमसँगै बीउ, मल, सिँचाइलगायतका शीर्षकमा सहयोग गर्ने गरेको छ। बाली संरक्षणका कार्यक्रम अघि बढेको छ। उहाँले भन्नुभयो, "पहिला धान नलगाएका ठाउँमा पनि धान रोप्न थालिएको छ।"

पहिलेको भन्दा खेतीपाती लाउने चेपाङ दाजभाइ-दिदीबहिनीको सङ्ख्या बढेको वडाध्यक्ष प्रजा बताउनुहुन्छ। यद्यपि बाढीले बर्सेनि माटो तथा जमिन बगाउने समस्या देखिएको उहाँ बताउनुहुन्छ। नगरपालिकाले अनुदानमा उन्नत बोकासँगै बाख्रा वितरण गर्ने गरेको छ। मौरीका घार वितरण गरेर आत्मनिर्भर बनाउन लागिएको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "चेपाङ समुदायले अर्काको लिने होइन, दिने हो, उनीहरूलाई नै सहभागी गराइदिन सक्ने हैसियत बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरेका छौँ।" तीनवटा वडामा यकिन तथ्याङ्क नभए पनि १५ हजार हाराहारीमा चेपाङ जातिका मानिस रहेको उहाँको भनाइ छ।

> "आगामी दिनमा चेपाङ समुदायलाई माग्ने होइन दिने गरी कृषि क्षेत्रमा संलग्न हुने गरी कार्यक्रम ल्याउँदैछौँ।"

नगरपालिकाका कृषि शाखा प्रमुख उत्तम पौडेल बागमती प्रदेशले चेपाङ समुदायको उत्थानका लागि 'चिउरी-चमेरो संरक्षण' कार्यक्रम सञ्चालन गरेको बताउनुहुन्छ। नगरपालिकाले छ सय बिरुवा चिउरी र रातो फूलसहित चमेरो रमाउने 'बोटल ब्रस' जातका एक सय बिरुवा वितरण गरेको छ।

यसैगरी, चिउरीलगायत बिरुवाको नर्सरी, टनेल निर्माण, अदुवा, हलेदोजस्ता नगदे बालीका बीउ र बिरुवा वितरण गरेको छ। धान र मकैको बीउ वितरण गर्ने, तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने, रैथाने बाली संरक्षण गर्ने, पोषण र करेसाबारी निर्माणसम्बन्धी तालिम दिएको कृषि शाखा प्रमुख पौडेल बताउनुहुन्छ। स्थानीयलाई तालिम र सहयोग उपलब्ध गराएसँगै कृषि पेसातर्फ आकर्षण बढेको छ। आफूहरु जनप्रतिनिधि भएपछि चेपाङ समुदायलाई आयआर्जनमा जोड्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख रेग्मी बताउनुहुन्छ।

नगरपालिकाले पोषणका लागि पशु-चौपाया उपलब्ध गराउँदै आएको छ। जुन ठाउँमा चेपाङ समुदायको बसोबास छ त्यही ठाउँमा उत्पादनमूलक कार्यक्रममा लाग्न सहयोग गरिएको प्रमुख रेग्मीको भनाइ छ। बाँदरको समस्या हुने भएकाले तिनीहरुले नखाने खेती प्रणालीमा जोड दिइएको छ। नगरपालिकाले बाख्रासँगै मौरीका घार वितरण गर्दै आएको नगर प्रमुख रेग्मीले जानकारी दिनुभयो।

उहाँले थप्नुभयो, "अहिले चेपाङ बस्तीमा जानुभयो भने लहलह झुलेका धानबाली देख्न सक्नुहुन्छ, त्यो हामी सबैको उपलब्धि हो।" धानखेतीका लागि बीउमा अनुदान, सुलभ मूल्यमा मलको व्यवस्थापन गरेर उत्साह थपेको उहाँ बताउनुहुन्छ। पहिला पहाडी क्षेत्रमा जग्गा बाँझै बस्ने गरेको पाखो जग्गा अहिले सुन्दर देखिने तरेली परेका खेतका गराका रुपमा देख्न सकिने प्रमुख रेग्मीले बताउनुभयो। उहाँले थप्नुभयो, "लोभलाग्दा गाँजसहित धानका बालाहरु झुलिरहेका मज्जासँग देख्न सकिन्छ।" उत्पादन बढेको छ। रेग्मी भन्नुहुन्छ, "आगामी दिनमा चेपाङ समुदायलाई माग्ने होइन दिने गरी कृषि क्षेत्रमा संलग्न हुने गरी कार्यक्रम ल्याउँदैछौँ।"रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु। नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिद दर एक सय ३३ रुपैयाँ ३९ पैसा र बिक्री दर एक सय ३३ रुपैयाँ ९९ पैसा कायम भएको छ।



युरोपियन युरो एकको खरिद दर एक सय ४८ रुपैयाँ ३५ पैसा र बिक्री दर एक सय ४९ रुपैयाँ २ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिद दर एक सय ७७ रुपैयाँ ५९ पैसा र बिक्री दर एक सय ७८ रुपैयाँ ३९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिद दर एक सय ५७ रुपैयाँ ०३ पैसा र बिक्री दर एक सय ५७ रुपैयाँ ७४ पैसा कायम गरिएको छ।अष्ट्रेलियन डलर एकको खरिद दर ९१ रुपैयाँ ९ पैसा र बिक्री दर ९१ रुपैयाँ ५० पैसा, क्यानेडियन डलर एकको खरिद दर ९८ रुपैयाँ ४५ पैसा र बिक्री दर ९८ रुपैयाँ ९० पैसा, सिङ्गापुर डलर एकको खरिद दर एक सय तीन रुपैयाँ ३० पैसा र बिक्री दर एक सय तीन रुपैयाँ ७६ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिद दर नौ रुपैयाँ ३० पैसा र बिक्री दर नौ रुपैयाँ ३४ पैसा, चिनियाँ युआन एकको खरिद दर १८ रुपैयाँ ९१ पैसा र बिक्री दर १८ रुपैयाँ ९९ पैसा, साउदी अरेबियन रियाल एकको खरिद दर ३५ रुपैयाँ ५५ पैसा र बिक्री दर ३५ रुपैयाँ ७१ पैसा, कतारी रियाल एकको खरिद दर ३६ रुपैयाँ ६० पैसा र बिक्री दर ३६ रुपैयाँ ७६ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिद दर चार रुपैयाँ ०४ पैसा र बिक्री दर चार रुपैयाँ ०६ पैसा, युएई दिराम एकको खरिद दर ३६ रुपैयाँ ३२ पैसा र बिक्री दर ३६ रुपैयाँ ४८ पैसा, मलेसियन रिङ्गेट एकको खरिद दर ३१ रुपैयाँ ७४ पैसा र बिक्री दर ३१ रुपैयाँ ८८ पैसा, साउथ कोरियन वन एक सयको खरिद दर नौ रुपैयाँ ९७ पैसा र बिक्री दर १० रुपैयाँ ०२ पैसा, स्वीडिस क्रोनर एकको खरिद दर १३ रुपैयाँ ०५ पैसा र बिक्री दर १३ रुपैयाँ ११ पैसा र डेनिस क्रोनर एकको खरिद दर १९ रुपैयाँ ८९ पैसा र बिक्री दर १९ रुपैयाँ ९८ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिद दर १७ रुपैयाँ १३ पैसा र बिक्री दर १७ रुपैयाँ २१ पैसा, कुवेती दिनार एकको खरिद दर चार सय ३७ रुपैयाँ १९ पैसा र बिक्री दर चार सय ३९ रुपैयाँ १५ पैसा, बहराइन दिनार एकको खरिद दर तीन सय ५३ रुपैयाँ ९५ पैसा र बिक्री दर तीन सय ५५ रुपैयाँ ५४ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिद दर एक सय ६० रुपैयाँ र बिक्री दर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
### मधेश प्रादेशिक कार्यालय जनकपुरधाम

**सूचना ! सूचना !! सूचना !!!**

नेपालीहरुको महान चाड पर्वहरु बडा दशैं, तिहार तथा छठ लागायतको पर्वहरुको अवसरमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि मधेश प्रादेशिक कार्यालय, जनकपुरधामले सहुलियत मूल्य पसल २०८१ यही मिति २०८१/६/७ गते देखि २०८१/१०/२ गते सम्म सञ्चालन हुन गैरहेको व्याहोरा सर्व साधारण आम उपभोक्ताहरुलाई जानकारी गराइन्छ।

**खाद्यान्तको छुट मूल्य विवरण** :-

| खाद्य वस्तुको किसिम | साबिकको बिक्री मूल्य प्रति किलो | छुट मूल्य प्रति किला | छुट पछिको बिकी मूल्य प्रति किलो |
|---|---|---|---|
| अरुवा सोना मन्सुली चामल | रु.६५।- | रु ५।- | रु.६०।- |
| अरुवा बासमती चामल | रु १२३।- | रु ५।- | रु ११८।- |

**बिकी हुने समय** :- बिहान ११.०० बजे देखी ३.०० बजे सम्म

**स्थान** :- श्रीखाद्य व्यवस्था तथा व्यापार कम्पनी लि मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम मुजेलिया

**सम्पर्क नं.** :- ९८५४०२७२४७, ९८४१६४२०४९


# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट



काठमाण्डु। धितोपत्र बजारमा मंगलबार शेयर कारोबार मापक नेप्से परिसूचक झन्डै ५९ अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५८ दशमलव ९३ अङ्कले ओरालो लागेर दुई हजार चार सय ७० दशमलव ३९ मा सिमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने 'सेन्सेटिभ' परिसूचक नौ दशमलव ५२ अङ्कले ओरालो लागेर चार सय ४४ दशमलव ८८ मा सिमित भएको छ। कारोबार भएका १३ वटा उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। कुल एक करोड ५५ लाख चार हजार नौ सय २९ कित्ता शेयर रु पाँच अर्ब ६८ करोड ९५ लाख ६१ हजार तीन सय ५६ मूल्यमा खरिद बिक्री भएका छन्।

नेप्सेका अनुसार, स्वरोजगार लघुवित्त आठ दशमलव ८१, अप्पर स्याङ्गे हाइड्रोपावर सात दशमलव ८३, एनआइबिएल ग्रोथ फन्ड चार दशमलव ८५, इन्वा हाइड्रोपावर चार दशमलव १४ र नबिल ब्यालेन्स फन्ड तेस्रोका लगानीकर्ताले चार दशमलव शून्य आठ प्रतिशतले कमाएका छन्।हिमालयन हाइड्रोपावर १०, नेपाल फाइनान्स आठ दशमलव ७४, बुद्धभूमि नेपाल हाइड्रोपावर सात दशमलव ९६, श्वेतगङ्गा हाइड्रोपावर सात दशमलव ६२ र एनआइसी एसिया फ्लेक्सी क्याप फन्डका लगानीकर्ताले सात दशमलव ५५ प्रतिशतले गुमाएका छन्।रासस


मधेश प्रदेश सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

## प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०६/०९ गते)

मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सी.टि.इ.भि.टी) संगको समन्वयमा शैक्षिक शत्र २०८१/०८२ मा निःशुल्क सञ्चालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा देहाय बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा निम्न शर्तहरूको अधीनमा रही प्रवेश परीक्षा लिई भर्नाका लागि सी.टि.इ.भि.टी बाट औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम संचालन अनुमति प्राप्त देहायका आंगिक तथा TECS सामुदायिक विद्यालयहरूमा प्रशिक्षार्थी छनौट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित शिक्षालय एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

**१. आवश्यक योग्यताः**

क. एस.एल.सी.वा एस.ई.ई.परीक्षामा सहभागी भएको (पाठ्यक्रम समितिको मिति २०८१।०४।०४ गतेको निर्णय अनुसार) हुनुपर्नेछ।
ख. तालिम लिन इच्छुक व्यक्ति सम्बन्धित तालिम/प्रशिक्षणका लागि मानसिक र शारीरिक रुपमा सक्षम हुनुपर्नेछ।
ग. कम्तीमा १६ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्नेछ।
घ. दलित, जनजाति, अपाङ्ग, मुस्लिम, मधेशी, दुर्गम क्षेत्र तथा विपन्नको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र हुनुपर्नेछ।

**२. परीक्षार्थी छनोटको आधारः**

योग्य र इच्छुक आवेदकहरू मध्येबाट समग्र मूल्याँकन १०० पूर्णाङ्क मध्ये (आवेदन फाराम मूल्याङ्कन-२०, उद्योग/ व्यवसायको सिफारिस पत्र-२०, लिखित प्रवेश परीक्षा-३० र अन्तर्वार्ता-३०) प्राप्ताङ्कको योगफल तथा कार्यक्रम र कोटाका आधारमा न्यूनतम ३५ अंक प्राप्त गर्ने गरी परिक्षार्थी योग्यता क्रमानुसार छनौट हुने व्यहोरा अनुरोध छ। साथै यस सम्वन्धी विस्तृत विवरण "प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०७९(संशोधन सहित)" मा व्यवस्था भए बमोजिम प्रशिक्षार्थी छनोट, भर्ना र मूल्याँकन गराउन हुन अनुरोध छ। सो निर्देशिका https://www.ctevtexam.org.np वा https://www.enssure.org.np वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

**३. शैक्षिक सत्र २०८१/०८२ का लागि औद्यागिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/विद्यालय/प्रतिष्ठान तथा कार्यक्रम र स्वीकृत कोटा सम्बन्धी विवरणः**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा/संख्या | सम्पर्क व्यक्ति र नम्बर |
|---|---|---|---|---|---|
| १ | लहान प्राबिधिक शिक्षालय, लहान नगरपालिका वडा नं.१०, सिराहा | आंगिक | Pre–diploma in Mechanical Engineering | २० | अनन्त झा ९८५२८२५३०९ |
| २ | दीपनारायण आदर्श नमूना मा.वि. सखुवा प्रसौनी गाउँपालिका वडा नं. ०२, औराहा पचगावा, पर्सा | TECS सामुदायिक | Pre–diploma in Information Technology | २० | शिवनाथ प्र.थारु ९८५५०२२५०० |
| | | | Pre–diploma in Early Childhood Development Facilitation (ECDF) | २० | |
| ३ | प्रसौनी बहुप्राबिधिक शिक्षालय, प्रसौनी गाउँपालिका वडा नं. ०२, बारा | आंगिक | Pre–diploma in Electrical Engineering | ३० | मुकेश यादव ९८४५८५४१७८ |
| ४ | बि.पी, स्मृति बहुप्राबिधिक शिक्षालय, लक्ष्मीनिया गाउँपालिका वडा नं. ०४ सपही, धनुषा | आंगिक | Pre–diploma in Electrical Engineering | ३० | शुभनारायण यादव ९८५४०२८०२९ |
| | | | जम्मा कोटा/संख्या | १४० | |

**४. आवेदन फाराम साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरूः**

१) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो,
२) SLC/SEE मा सहभागिता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३) नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि।

**५. छनौट प्रक्रिया सम्बन्धी कार्यक्रमः**

**क. आवेदन फाराम वितरण गर्ने मितिः** २०८१ असोज ४ गते देखि।
**ख. आवेदन फाराम पाउने र बुझाउने स्थानः** सम्बन्धित शिक्षालयहरू वा परिषद्को वेबसाइट https://www.ctevtexam.org.np वा https://www.enssure.org.np बाट डाउनलोड गरी फाराम निःशुल्क भराउनुपर्नेछ।
**ग. आवेदन फाराम बुझाउने अन्तिम मितिः** २०८१ असोज १८ गतेसम्म।
**घ. ITMS online मा entry गर्ने अन्तिम मितिः** सम्बन्धित शिक्षण संस्थाले आवेदन फाराम भर्ने अन्तिम मितिको भोलिपल्ट सम्ममा ITMS online मा अनिवार्य रुपमा entry गराउनुपर्नेछ।
**ङ. लिखित प्रवेश परीक्षा हुने मिति र समयः** २०८१ कार्तिक ३ गते, शनिबार, बिहान ०८:०० बजे
**च. लिखित प्रवेश परीक्षा संचालन हुने स्थानः** सम्बन्धित शिक्षण संस्था
**छ. अन्तरर्वार्ता हुने मिति र समयः** २०८१ कार्तिक ३ गते, शनिबार, दिउँसो १:०० बजे देखी
**ज. अन्तरर्वार्ता संचालन हुने केन्दहरूः** सम्बन्धित शिक्षण संस्था

**६. औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधाः**

(क) निःशुल्क अध्ययनको अवसर।
(ख) यातायात खर्च बापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रू. १०० को दरले उपलब्ध हुने।
(ग) पोशाक खर्च बापत वार्षिक रू. ३००० को दरले उपलब्ध हुने।
(घ) तालिम अवधि सम्मका लागि दुर्घटना बिमाको व्यवस्था हुनुको साथै उद्योगमा सिकिरहंदा प्रोत्साहन रकम पनि पाइने।

**७. उत्तीर्ण सूचीमा रहने परिक्षार्थीका सम्बन्धमाः**

लिखित तथा अन्तर्वार्तामा जुन कार्यक्रमका लागि सम्मिलित भएको हो त्यहि कार्यक्रममा मात्र योग्यता क्रमानुसार भर्ना हुन सक्नेछ। तर अन्य कार्यक्रममा भर्ना हुन पाउने छैन।

**नोटः** विद्यार्थी छनौट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराइ दिन्छु भनी झुठ्ठा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही प्रशिक्षार्थी छनोट प्रकृया मर्यादित एव निष्पक्ष रूपमा संचालन गर्न गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ। साथै अन्य जानकारी आवश्यक परेमा आफूले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा फोन नं.ः ९८४२३०१११६, ९८६४२५०७१६ मा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

**प्रदेश सचिव**

# ‘कृषि क्षेत्रको आधुनिकीकरण आवश्यक छ’

**टुडे समाचारदाता**

बर्दिबास । मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दन क्षेत्रीले सबैभन्दा बढी उर्वर क्षेत्र रहेको मधेश प्रदेशको कृषि प्रणालीलाई आधुनिकीकरण गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । उनले मधेश प्रदेशको कृषि क्षेत्रलाई उन्नत र आधुनिक बनाउन सकियो भने यस क्षेत्रको उत्पादनले मुलुकलाई नै खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने बताए ।

मन्त्री क्षेत्रीले मधेश प्रदेशको हुने गरेको जनगुनासो बढ्दै गएको छ । यो गम्भीर लाञ्छना हो । यसलाई चिर्न कृषि ज्ञान केन्द्रका हाकिमहरूले प्राप्त भएको बजेट, कार्यक्रम र अनुदानबारे पारदर्शी हुन र कृषकको सूचनाको अधिकारलाई केन्द्रमा राखेर लक्षित वर्गसम्म सेवा प्रवाह गर्न आग्रह गर्दछु ।”

यसअघि मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालु आर्थिक वर्ष २०८१/८२ का लागि तर्जुमा गरेको कृषिसम्बद्ध कार्यक्रममाथि



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सोमबार बर्दीबासमा आयोजना गरिएको कार्यक्रममा बोल्दै कृषि क्षेत्रको आधुनिकीकरण आवश्यक रहेको बताए ।

उनले उन्नत र आधुनिक कृषि प्रणालीको मान्यता लिएर आफ्नो मन्त्रालय अगाडि बढेकाले यसलाई साकार पार्न जिल्लामा पठाएका कृषिको बजेट र कार्यक्रमलाई पारदर्शी ढंगमा लागु गरी लक्षित वर्गसम्म पुऱ्याउन आवश्यक रहेको बताए । यसका लागि कृषि कर्मचारीको कार्यपद्धतिमा सुधार र पारदर्शी प्रशासन हुनुपर्नेमा पनि उनले जोड दिए ।

मन्त्री क्षेत्रीले भने, “कृषि क्षेत्रमा भएको अनुदानमाथि टाठाबाठा र खास गिरोह हाबी

आठ वटै जिल्लाका ज्ञान केन्द्र प्रमुखले फरक धारणा राख्दै कार्यक्रम कार्यान्वयनमा अनेक जटिलताबारे ध्यानाकर्षण गराएका थिए । ज्ञान केन्द्र प्रमुखहरूले कृषि सडक कार्यक्रम र परिभाषा नमिलेको जनाउँदै उनले कृषि अनुदान परिचालन कार्यविधि, खेती गर्न इच्छुक किसानको छनोट, साना सिँचाइ, दलहन र च्याउ खेती अनुदान तथा छनोटलगायतका कार्यक्रम अन्योल र अस्पष्ट रहेकाले सच्याउनुपर्ने बताएका थिए ।

ज्ञान केन्द्र प्रमुखहरूले उठाएका प्रश्नमाथि मधेश प्रदेशका पशुपन्छी निर्देशक जागेश्वर यादव, कृषि निर्देशक जितेन्द्र यादव तथा कृषि तालिम केन्द्र प्रमुख शंकरप्रसाद साहले सहजीकरण गरेका थिए ।

# ‘संघीयतासंगै स्वास्थ्य र शिक्षामा मुलुक आत्मनिर्भर बन्दै’



**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संघीयता कार्यान्वयनपछि मुलुक शिक्षा र स्वास्थ्यमा क्रमशः आत्मनिर्भर बन्दै गएको बताएका छन् ।

पर्साको पटेवा सुगौली गाउँपालिकाको नवनिर्मित आधारभुत अस्पताल भवनको मंगलबार उद्घाटन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेकासभापतिदेउवालेसंघीयतालाईथपबलियो बनाउँदै नागरिकहितमा काम गर्नुपर्नेमा जोड दिए । उनले भने, “मुलुक संघीय संरचनामा गइसकेपछि सोही ढाँचाअनुसार नै क्रमशः शिक्षा र स्वास्थ्य क्षेत्रको विकास हुँदै गइरहेको छ । सरकारले आधारभूत सेवालाई जनस्तरसम्म पुऱ्याउनको लागि अधिकतम प्रयास गर्दै आइरहेको छ, जसको फलस्वरूप अस्पताल स्थापना भएको छ”, पूर्वप्रधानमन्त्री देउवाले अघि थप्दैं भने, “अहिले जनताको सबैभन्दा ठूलो आवश्यकता नै स्वास्थ्य उपचार र शिक्षा हो । यी दुवै कुराको सम्बोधनका लागि सरकारले ध्यान दिइरहेको छ । यो विगतदेखि नै सरकारको नीति हो ।”

सभापति देउवाले आधारभूत अस्पताललाई जनतालाई स्वास्थ्य सेवा प्रभावकारी ढंगले प्रवाह गर्न अनुरोध गरे । उनले अस्पतालले पालिकाका मात्र नभइ अन्य क्षेत्रका बिरामीलाई गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्ने विश्वा व्यक्त गरे । उनले जनहितका काम गर्न तीनै तहका सरकार मिलेर अगाडि बढ्नुको विकल्प नरहेको धारणा राखे ।

प्रतिनिधिसभा सदस्य रमेश रिजालले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) नेतृत्वको सरकारले स्थायित्व र संविधान संशोधनका लागि सरकार बनेको

> “अहिले जनताको सबैभन्दा ठूलो आवश्यकता नै स्वास्थ्य उपचार र शिक्षा हो । यी दुवै कुराको सम्बोधनका लागि सरकारले ध्यान दिइरहेको छ । यो विगतदेखि नै सरकारको नीति हो ।”

बताए । उनले भने, “संविधान संशोधनका विषयमा जनताको घर-घरमा सल्लाह र सुझाव लिएर प्रक्रिया अघि बढाउनेछौँ, जनअधिकार रक्षा र सम्वर्द्धनका लागि सबैसँग समन्वय र सहमतिका आधारमा उपयुक्त ढंगले अगाडि बढ्न आवश्यक छ । यसमा हामी सचेत छौँ ।”

त्यस्तै कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संविधान संशोधनमार्फत मधेशी, दलित, जनजाति र मुस्लिम समुदायको अधिकारको दायरालाई अझै फराकिलो पार्दै लैजाने बताए ।

मन्त्री चौरसियाले परिवर्तन र पटक-पटक जनअधिकार खोस्ने प्रयासका विरुद्ध संघर्ष गरेर आएका पार्टी कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को गठबन्धन सरकारले जनअधिकारलाई थप सुनिश्चित गर्न कुनै कसर बाँकी नराख्ने धारणा राखे ।

चार वर्ष पहिले देशभर एकैसाथ शिलान्यास गरिएका ३०९ अस्पतालमध्येको पर्सामा पहिलोपटक आधारभूत अस्पताल निर्माण भइ सञ्चालनमा ल्याइएको छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्माले २०७७ मंसिर १५ गते देशभर ३०९ वटा आधारभूत अस्पतालको शिलान्यास गरेका थिए । त्यसमध्ये पर्सामा ४ वटा आधारभूत अस्पतालको शिलान्यास गरिएकोमा पटेर्वा सुगौली गाँउपालिमा निर्मित आधारभूत अस्पताल सञ्चालनमा आएको छ ।

यस अस्पतालमा पटेर्वा सुगौलीसँगै जिराभवानी, सखुवा प्रसौनी र जगरनाथपुर गरी चार पालिकाका बिरामी र सेवाग्राहीले लाभ लिने पटेर्वा सुगौली गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले बताए ।

सो आधारभूत अस्पताल सञ्चालनमा आएपछि यी चार पालिकाका बिरामी र सेवाग्राहीलाई उपचारका लागि अब सदरमुकाम वीरगञ्जमा धाउन पर्दैन ।

# कृषि विश्व विद्यालय छानवीन समितिले बुझाए प्रतिवेदन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश कृषि विश्व विद्यालय, राजविराजको आर्थिक, प्रशासनिक, शैक्षिक गतिविधिको छानवीन गर्न गठित समितिले मंगलबार शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीलाई प्रतिवेदन बुझाएको छ ।

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहनप्रसाद साहको संयोजकत्वमा गठित तीन सदस्यीय छानवीन समितिले सो प्रतिवेदन मन्त्री तिवारीलाई बुझाएका हुन् ।

गर्न प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. साहको संयोजकत्वमा तीन सदस्यीय छानवीन समिति गठन गरेका थिए ।

समितिले तोकेको समयसीमा भित्र प्रतिवेदन मधेश कृषि विश्व विद्यालय, राजविराजका सहकुलपति समेत रहेका शिक्षा तथा संस्कृति मन्त्री तिवारीलाई छानवीन प्रतिवेदन बुझाएको हो ।

मधेश कृषि विश्व विद्यालयको आर्थिक गतिविधि, कर्मचारी नियुक्ती, विद्यार्थी भर्ना प्रक्रिया लगायतको गतिविधि अपारदर्शी रहेको गुनासो बढेपछि तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री लेखीले



झण्डै २५ पेज लामो प्रतिवेदन संयोजक डा. साहले समितिका सदस्यहरुको उपस्थितिमा मन्त्री तिवारीलाई बुझाएका हुन् ।

गएको असार १३ गते तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री राजकुमार लेखीले मन्त्रीस्तरीय निर्णय गर्दै मधेश कृषि विश्व विद्यालय, राजविराजको आर्थिक, प्रशासनिक, शैक्षिक लगायतको गतिविधि छानवीन समिति गठन गरेर एक साता भित्र प्रतिवेदन बुझाउन समयसीमा तोकेका थिए ।

समितिले तोकेको समयमा छानवीन पूरा गर्न नसकेपछि असोज ८ गतेसम्मको म्याद थप गरिएको थियो ।

छानवीन समितिमा वन तथा वातावरण मन्त्रालयका सचिव उद्धव बहादुर घिमिरे र शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव महेन्द्र महतो सदस्य थिए ।

# नेपाल-भारत सीमानाकामा एक युवकको शव

**टुडे समाचारदाता**

लहान । सिरहास्थित सीमानाका क्षेत्रमा एक युवकको शव फेला परेको छ ।

जिल्लाको बरियारपट्टी गाउँपालिका-३ स्थित नेपाल भारत सीमानाकामा मंगलबार चुला यादवको शव फेला परेको सिरहा प्रहरीले जनाएको छ ।

सिरहा प्रहरीले दिएको जानकारी अनुसार मृतक जिल्लाको सुखीपुर नगरपालिका-२ का राम उदगार यादवका ३२ वर्षीय छोरा भुला यादव रहेका छन् । सिरहा प्रहरीले शवको मुचुल्का गरी पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको छ ।

सो घटना विषयमा थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए ।

# स्थानीय तहमाथि अख्तियारमा उजुरीको चांग




**बखतियार अलि**

मलंगवा । सर्लाहीका स्थानीय तहविरुद्ध अख्तियारमा उजुरीको चांग नै छ ।

जिल्लाको २० वटा स्थानीय तहमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासमा २ सय ३५ वटा उजुरी परेको छ । सोमध्ये मात्र ३८ वटा फछ्र्यौट भएको छ, भने अझै १ सय ९७ वटा उजुरी माथि अनुसन्धान भइरहेकोले फछ्यौंट हुन बाँकी रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासका शाखा अधिकृत विकास कुमार मिश्रले जनाएको छ ।

अख्तियारले दिएको जानकारी अनुसार सर्लाहीका नगरपालिकाहरु मध्ये सबैभन्दा बढी उजुरी कविलासी नगरपालिका माथि परेको छ । कविलासी नगरपालिका माथि २१ वटा उजुरी परेकोमा ६ वटा फछ्यौंट भएको छ भने अझ १५ वटा उजुरी माथि अनुसन्धान भइरहेकोले फछ्र्यौट हुन बाँकी रहेको छ ।

त्यस्तै गाँउपालिकाहरुमा सबैभन्दा बढी २२ वटा उजुरी रामनगर गाउँपालिका माथि परेको छ । जसमध्ये ७ वटा फछ्र्यौट भएको छ, भने अझ १५ वटा उजुरी फछ्र्यौट हुन बाँकी रहेको छ ।

त्यस्तै इश्वरपुर नगरपालिका माथि ६ वटा उजुरी परेकोमा १ वटा उजुरी फछ्र्यौट भएको छ । ५ वटा उजुरी अझ फछ्र्यौट हुन बाँकी छ । मलंगवा नगरपालिका माथि १३ वटा उजुरी परेकोमा अहिलेसम्म १३ वटा उजुरी माथि अनुसन्धान भइरहेकोले फछ्र्यौट हुन बाँकी रहेको छ ।

लालबन्दी नगरपालिका माथि परेको ४ वटा उजुरीमध्ये अहिलेसम्म एउटाको पनि फछ्यौंट भएको छैन ।

हरिपुर नगरपालिका माथि पनि ५ वटा उजुर परेको छ । ५ वटै उजुरी फछ्र्यौट हुन बाकी रहेको अख्तियारले बताएको छ । हरिपुर्वा नगरपालिका माथि ११ वटा उजुरी परेको छ । जसमध्ये २ वटा मात्र फछ्र्यौट भएको छ । ९ वटा अझ फछ्र्यौट हुन बाँकी रहेको छ ।

हरिवन नगरपालिका माथि ६ वटा उजुरी परेको मा १ वटा फछ्यौंट भएको छ । ५ वटा अझ फछ्यौंट हुन बाँकी रहेको छ ।

बरहथवा नगरपालिका माथि अख्तियारमा १९ वटा उजुरी परेको छ । जसमध्ये २ वटा फछ्र्यौट भएको छ । १७ वटा उजुरी अझ फछ्र्यौट हुन बाँकी रहेको छ ।

त्यस्तै बलरा नगरपालिका माथि जम्मा २० वटा उजुरी परेको थियो । जसमध्ये ३ वटा फछ्र्यौट भएको छ । १७ वटा उजुरी अझ फछ्र्यौट हुन बाँकी रहेको छ । गोडैता नगरपालिका माथि पनि १३ वटा उजुरी परेको मध्ये ३ वटा फछ्र्यौट भएको छ । १० वटा अझ फछ्र्यौट हुन बाँकी छ ।

बागमती नगरपालिका माथि परेको १५ वटा उजुरीमा १ वटा फछ्र्यौट भएको छ । १४ वटा अझ फछ्र्यौट हुन बाँकी छ ।

चक्रघटा गाँउपालिका माथि १७ वटा उजुरी परेकोमा २ वटा फछ्र्यौट भएको छ । १५ वटा अझ फछ्र्यौट हुन बाँकी छ ।

धनकौल गाँउपालिका माथि परेको ९ वटा उजुरी मध्ये एउटा मात्र फछ्र्यौट भएको छ । ब्रह्मपुरी गाँउपालिका माथि परेको ५ वटा उजुरीमा अहिलेसम्म एउटा पनि फछ्र्यौट भएको छैन । बिष्णु गाँउपालिकाको पनि उस्तै छ । ६ वटा उजुरी परेको मध्ये अहिले सम्म कुनै पनि उजुरी फछ्र्यौट भएको छैन ।

बसवरिया गाँउपालिका माथि ९ वटा उजुरी परेको थियो जस मध्ये एउटा फछ्र्यौट भएको छ । अझ ८ वटा फछ्र्यौट हुन बाकी छ । कौडेना गाँउपालिका माथि पनि १८ वटा उजुरी परेकोमा ३ वटा फछ्र्यौट भएको छ । १५ वटा फछ्र्यौट हुन बाँकी छ ।

पर्सा गाँउपालिका माथि १३ वटा उजुरी परेकोमा ५ वटा फछ्र्यौट भएको छ । ८ वटा उजुरीहरु फछ्र्यौट हुन बाँकी रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले जनाएको छ ।

# प्रचण्ड गर्मीका कारण विद्यालय बन्द गरेकै दिन कतै वर्षा त कतै बादल, जितिया व्रतालु महिला उत्साहित

**टुडे समाचारदाता**

राजविराज । अत्याधिक गर्मी बढेका कारण सप्तरीको कञ्चनरुप नगरपालिकाले मंगलवार देखि २ दिनका लागी विद्यालय बन्द गरेको छ ।

एकसाता यता तापक्रम बढेर ४६ डिग्री पार गरेपछि विद्यार्थीको स्वास्थमा पार्ने प्रभावलाई ध्यानमा राखेर नगरक्षेत्रका सबै विद्यालय दुई दिनका लागि बन्द गरिएको नगरपालिकाले जनाएको छ ।

‘गर्मी अत्याधिक बढेकाले खासगरी स साना बालबालिकालाई निकै समस्या छ, नगर प्रमुख ललन प्रसाद गुप्ताले भने-विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावको राय अनुसार २ दिनका लागी विद्यालय बन्द गर्ने निर्णय गरेका हौं ।’

उनले गर्मीलाई ध्यानमा राखेर असोज ८ र ९ गते विद्यालय बन्द तथा असोज १० देखि १६ सम्म दिउँसोको सट्टा विहान पठन पाठन गर्ने/गराउने निर्णय भएको जानकारी समेत दिए । प्रचण्ड गर्मीलाई ध्यानमा राखेर विद्यालय बन्द गरेकै दिन मंगलबार विहान हल्का वर्षा हुँदा त्यस क्षेत्रमा केही राहत महसुस गरिएको स्थानीयले जानकारी दिएका छन् ।



कञ्चनरुप नगरपालिका क्षेत्रमा समान्य वर्षा भए पनि सदरमुकाम राजविराजमा भने वर्षा भएन । यद्यपि हल्ला बादल लागेपछि तापक्रममा केही गिरावट आउँदा जितिया पर्वमा सहभागी व्रतालु महिलाहरुले पनि केही राहत महसुस गरेका छन् ।

जितिया पर्वमा व्रत बसेकी राजविराज ७ की उर्मिला देवी साहले भनिन्-“अकाशमा बादल र तापक्रममा केही गिरावट देखिएपछि दुई दिने कठोर ब्रत बस्न केही सहज भएको छ ।”

प्रचण्ड गर्मी र घामका कारण विगत एक साता देखि यहाँको जनजीवन कष्टकर बनेको छ ।

**सभ्य रूपमा चाडपर्व मनाऔं**

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरु नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०७, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०७५/५८